मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## रवि लामिछाने न्यायिक हिरासतमा



समाचार पृष्ठ ५ मा

वर्ष ३ | अंक ६४ | २०८१ साल पुष २९ गते सोमबार | Monday 13, January 2025 | सूर्योदय: बिहान ६:५६ बजे | सूर्यास्त: साँझ ५:३२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

### सिमीमा विषादि
# परीक्षणविनै भित्रियो भारतीय तरकारी

**एसपी गौरव**
**सर्लाही ।**
सर्लाहीमा उत्पादन भएको टाटे सिमीमा अत्यधिक विषादि भेटिएको छ । केन्द्रीय कृषि प्रयोगशाला अन्तर्गतको विषादि अवशेष द्रुुत विश्लेषण प्रयोगशाला एकाइ कालिमाटीले जारी गरेको रिपोर्टमा सर्लाहीमा उत्पादन भएको टाटे सिमी तरकारीमा अत्यधिक विषादि भेटिएको सूचना अधिकारी प्रयोग बहादुर शाहीले जानकारी दिए ।

उनका अनुसार, सर्लाहीमा उत्पादित सिमीमा ५५ दशमलव ५११ कार्बमेट र ३० दशमलव ५४४२ अर्गानोफस्फेट विषादि पाइएको हो । हरिया तरकारीमा अत्यधिक विषादी पाइएपछि परीक्षण गरिएको केन्द्रीय कृषि प्रयोगशाला अन्तर्गतको विषादी अवशेष द्रुुत विश्लेषण प्रयोगशाला एकाइ कालिमाटीले जनाएको छ । दैनिक परीक्षणमा रायो, भाजी, जिरी, मार्फा, पाकुचा र टाटे सिमीलगायत तरकारीमा अत्यधिक विषादि भेटिएको कालिमाटी तरकारी बजार विकास समितिका सूचना अधिकारी विनय श्रेष्ठले बताए ।

त्यस्तै, नेपालमा भारतीय तरकारी परीक्षण नगरी बजारमा प्रवेश भइरहेको छ । यसले नेपाली किसानले उचित मूल्य नपाउने र उपभोक्तालाई गुणस्तरहीन तरकारी उपभोग गर्नुपर्ने बाध्यता सिर्जना भएको छ । भारतबाट निर्बाध र कम मूल्यमा कम गुणस्तरीय तरकारी भित्रिएकाले नेपाली किसानलाई समस्या भएको हो ।

भारतबाट आउने तरकारीको क्वारेन्टाइन जाँच नगरिने हुँदा विभिन्न रोग र किरा भित्रिएर नेपालका बाली सखाप हुने चिन्ता एकातिर छ भने अर्कोर्फ नेपाली उपभोक्ता गुणस्तरहीन तरकारी प्रयोग गर्न बाध्य छन् । क्वारेन्टाइन र विषादि अवशेष जाँच नगरिने र व्यावसायिक किसानले जुनबेला जे उत्पादन गरे पनि भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्नुपर्ने मुख्य परिस्थितिले नेपालका धेरै किसान पलायनको स्थितिमा पुगेको कृषि विभागका प्रवक्ता जगन्नाथ तिवारीले बताए । उनका अनुसार नेपाली उत्पादनले बजार पाउँदापाउँदै किसानले घाटा बेहोर्न बाध्य छन् ।

समस्या समाधानका लागि सरकारले भारतबाट आयात गरिएका तरकारी तथा फलफूलको विषादि जाँच गरेर मात्रै गाडी भन्सार पास गर्नु पर्ने भए पनि प्लान्ट क्वारेन्टाइन तथा विषादि व्यवस्थापन केन्द्र क्वारेन्टाइन कार्यालय, मलंगवा, सर्लाहीका निमित्त कार्यालय प्रमुख दिनेश प्रसाद यादव सम्पर्कविहीन छन् भने भन्सार कार्यालय हरियो तरकारीको भन्सार नहुने बहानामा केही रकम असुलेर निर्बाध भारतीय हरियो तरकारी भित्र्याउन दिइरहेको छ ।

जनस्वास्थ्यलाई असर गर्ने वस्तुको उपभोग गर्नुपर्ने अवस्था अन्त्य गर्न र नेपाली किसानलाई प्रोत्साहन गर्न राज्यले आयातीत हरियो तरकारीमा भन्सार लगाउनु पर्ने र क्वारेन्टाइन चेकजाँच गर्नुपर्ने आवश्यकता देखिएको छ ।

# भुजेल प्रमुख सचिव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको प्रमुख सचिवमा हेटौँडाका मदन भुजेल आउने भएका छन् । पुस २६ गतेको मन्त्रिपरिषदको निर्णयले भुजेललाई राजपत्रांकित विशिष्ट श्रेणीमा बढुवा गरेर मधेश प्रदेश सरकारमा कामु प्रमुख सचिवको जिम्मेवारी तोकेको हो ।
हेटौँडा नगरपालिकामा प्रमुख कार्यकारी अधिकृत भएका भुजेलले समाजवादी पार्टीका विरोध खतिवडा संघीय मन्त्री हुँदा स्वास्थ्य मन्त्रालय र डा. बेदुराम भुषाल संघीय मन्त्री हुँदा कृषि मन्त्रालयमा पनि काम गरेका छन् । उनले बागमती प्रदेशमा कानून तथा आन्तरिक मामिला सचिव भएर काम गरिसकेका छन् ।



# मधेशका उद्योगहरुको उत्पादन क्षमता घट्दो

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका उद्योगको क्षमता उपयोगमा अरु गिरावट देखिएको छ । कोरोना महामारी र आर्थिक मन्दीका कारण उद्योगको क्षमता उपयोग घटेको राष्ट्र बैंकले जनाएको छ । आर्थिक वर्ष २०८०–८१ मा मधेश प्रदेशका प्रमुख उद्योगको उत्पादन क्षमता उपयोग औसतमा ५१.०३ प्रतिशत छ । अघिल्लो आर्थिक वर्षमा यही अवधिमा उद्योगहरूको औसत क्षमता उपयोग ६१.५६ प्रतिशत थियो । हल्का पेय पदार्थ उद्योगले सबैभन्दा बढी ९७.७८ प्रतिशत, वनस्पति घिउ उद्योगको क्षमता उपयोग सबैभन्दा कम ०.४० प्रतिशत थियो । वनस्पति घिउ उद्योगको क्षमता अति न्यून रहनुमा हालका दिनमा वनस्पति घिउको गार्हस्थ्य तथा औद्योगिक प्रयोग कम हुँदै भएको बताइएको छ । यसको विकल्पमा भटमासको तेल तथा पाल्म तेल प्रयोग बढ्दै गएकाले बजार माग घट्दै गएको छ । प्लाष्टिकजन्य उद्योग र छाला तथा छालाको सामान उत्पादन गर्ने उद्योगको क्षमतामा अघिल्लो अवधिको तुलनामा कमी आएको छ । बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा ११.२ प्रतिशतले वृद्धि भई एक खर्ब २१ अर्ब ८७ करोड रुपैयाँ कायम भएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो कर्जा १

बाँकी पृष्ठ ३ मा

# महाधिवेशनका लागि निर्वाचन समिति बनाइने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको प्रथम महाधिवेशनका लागि पाँच सदस्यीय निर्वाचन समिति गठन हुने भएको छ । महाधिवेशन तयारीमा रहेको लोसपा नेपालले महाधिवेशनका लागि निर्देशिका पनि तयार गरेको जनाएको छ ।
महाधिवेशनका लागि केन्द्रमा पाँच सदस्यीय निर्वाचन समिति गठन गर्ने निर्देशिकामा उल्लेख छ भने प्रदेश अधिवेशनका लागि केन्द्रीय समितिले पाँच सदस्यीय, जिल्ला अधिवेशनका लागि प्रदेश समितिले तीन सदस्यीय निर्वाचन समिति गठन उल्लेख छ । प्रदेश समिति नरहेका ठाउँमा केन्द्रीय समितिले नै समिति गठन गर्नेछ । क्षेत्रीय तथा पालिका अधिवेशनका लागि तीन सदस्यीय निर्वाचन समिति गठन गर्ने निर्देशिकामा उल्लेख छ ।
पालिका, क्षेत्रीय, जिल्ला, प्रदेश तथा केन्द्रीय महाधिवेशनका प्रतिनिधिको नामावली सम्बन्धित निर्वाचन समितिमा कम्तीमा २४ घण्टा पहिले दिन निर्देशिकामा भनिएको छ । भूगोलका भ्रातृसङ्गठनले अधिवेशनका लागि ५ जना, जिल्लामा रहेको भ्रातृ सङ्गठनले ५ जना प्रतिनिधि चयन गर्ने प्रावधान राखिएको पार्टीले जनाएको छ । प्रदेश अधिवेशनमा प्रदेशमा सक्रिय भ्रातृसङ्गठनले सात जना र केन्द्रमा सक्रिय भ्रातृसङ्गठनले केन्द्रीय महाधिवेशनका लागि सात जना प्रतिनिधि चयन गर्ने प्रावधान बनाइएको छ ।
लोकतान्त्रिक शिक्षक सङ्घ, लोकतान्त्रिक प्राध्यापक सङ्घ, लोकतान्त्रिक बुद्धिजीवी सङ्घ, लोकतान्त्रिक कानून व्यवसायी सङ्घ, सेवा निवृत्त शिक्षक तथा कर्मचारीमध्ये निर्वाचन समिति गठन गर्ने निर्देशिकामा उल्लेख छ ।

# पुलिस फाइनलमा आर्मीसँग आमनेसामने

**मधेशदृष्टि**
**वीरगंज ।**
विभागीय टोली नेपाल पुलिस क्लबले जय ट्रफी पुरुष एलिट कपमा लिग चरणको अन्तिम खेलमा बागमती प्रदेशविरुद्ध पाँच विकेटको जित दर्ता गरेको छ । जितसँगै पुलिस उपाधि नजिक पुगेको छ । प्रतियोगितामा पुलिसको यो लगातार दोस्रो जित हो । यसअघि आर्मीसँग बराबरी खेलेको पुलिसले मधेश प्रदेशलाई हराएको थियो । यता बागमतीको यो पहिलो हार हो । यसअघि बागमतीले मधेश र आर्मीसँग बराबरी खेलेको थियो ।
जनकपुरस्थित रामजानकी मैदानमा आइतबार बागमती प्रदेशले प्रस्तुत गरेको ११६ रनको लक्ष्य पुलिसले पाँच विकेट गुमाउँदै पूरा गर्यो । पुलिसका लागि अमीत श्रेष्ठले ४५ बलमा ९ चौकाको मदतले सर्वाधिक ५६ रनको योगदान गरे । यसैगरी, कप्तान कुशल भुर्तेलले ३२ र अर्जुन साउदले अविजित २० रन बनाए ।
बागमतीका लागि कप्तान सन्दीप लामिछानेले दुई तथा नन्दन यादव, प्रतिश जिसी र सूर्य तामाङले समान एक विकेट लिए । बागमतीले दोस्रो इनिङ्मा २१८ रन बनाएपछि पुलिसले ११६ रनको लक्ष्य प्राप्त गरेको थियो । ८–० को स्थितिबाट दोस्रो दिनको शुरुआत गरेको बागमतीले २१० रन थप्दा सबै १० विकेट गुमायो ।बागमतीका लागि शुभ कंशाकारले ७४ बलमा १२ चौका र एक छक्काको मदतले सर्वाधिक ७० रनको योगदान दिए । यसैगरी, रित गौतमले ९३ बलमा आठ चौकाको मदतले ५२, सन्दीप लामिछाने र सूर्य तामाङले समान १६, उत्तम मगरले १४, प्रतिक श्रेष्ठले १३, नन्दन यादवले १० तथा रिजन ढकालले अविजित १० रन बनाए । पुलिसका लागि ललितनारायण राजवंशीले तीन, श्रवन यादवले दुई तथा गुल्शनकुमार झा, राशिद खान, कुशल भुर्तेल र प्रेम तामाङले समान एक विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको बागमतीले पहिलो इनिङ्मा ११२ रन बनाएको थियो । पुलिसले २२५ रन बनाउँदै १०३ रनको अग्रता लिएको थियो ।पुलिसले मंगलबार हुने फाइनलमा अर्को विभागीय टोली त्रिभुवन आर्मीको सामना गर्नेछ । फाइनल तीन दिवसीय हुनेछ ।

# देश र जनताका हितमा काम गरे स्थापित हुन्छौँः नेपाल




**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले नेपालको राजनीतिमा नेकपा एकीकृत समाजवादीको छुट्टै पहिचान स्थापित भइसकेको बताएका छन् । वीरगंजमा आइतबार आयोजित नेकपा एकीकृत समाजवादी पर्साको नवौँ जिल्ला अधिवेशन उद्घाटन समारोहमा पूर्वप्रधानमन्त्री नेपालले नेकपा एकीकृत समाजवादी नेपालको राजनीतिमा स्थापित दल भइसकेको बताउदै पार्टीको आफ्नै पहिचान र शानका साथ नेपाली राजनीतिमा उभिएको बताए ।
यद्यपि २००६ सालमा स्थापित नेपालको कम्युनिष्ट पार्टी समयसमयमा टुक्रिनु दुभाग्यपूर्ण भएको पनि उनले बताए ।
उनले नेपाल राष्ट्र एकीकरणकर्ता पृथ्वीनारायण शाहप्रति उच्च सम्मान रहेको बताउँदै राज्यले पनि उनलाई सम्मान गर्नुपर्नेमा जोड दिए । दुई ठूला शक्तिराष्ट्र चीन र भारत बीचमा रहेको नेपाल क्षेत्रफलमा सानो भए पनि नेपालको आफ्नो छुट्टै इज्जत, प्रतिष्ठा र स्वाभिमान रहेको उनको धारणा थियो ।
हरेक राजनीतिक दलले नेपाल र नेपालीको हितमा काम गर्नुपर्नेमा जोड दिँदै उनले अमेरिका, रुस, चीन, भारतलगायतका देशका सरकार प्रमुखसँग नेपालको हित र प्रतिष्ठा बढाउन आफूले संवाद र छलफल गरेको बताए । जनताको विश्वास र समर्थन प्राप्त गरे मात्रै पार्टी बलियो हुनेभन्दै उनले जनताको विश्वास र समर्थन पाउन कार्यकर्ताले मेहनत गर्न आवश्यक भएको बताए ।
नेकपा एकीकृत समाजवादी पर्साका अध्यक्ष बालगोपाल थापाको अध्यक्षतामा भएको जिल्ला अधिवेशनमा नेपाली कांग्रेस पर्साका कार्यबाहक सभापति रामनारायण कुर्मी, जनता समाजवादी पार्टी नेपाल पर्साका अध्यक्ष रामनेश प्रसाद यादव, राप्रपाका नेता सुमेश्वरनाथ उपाध्यायलगायतकाले सम्बोधन गर्दै अधिवेशन सफलताको शुभकामना दिएका थिए ।

*नेकपा एकीकृत समाजवादीनिकट युवा संघ नेपालको वीरगंज महानगर कमिटी अध्यक्षमा तारकेश्वर चौबे चयन भएका छन् । वीरगंजमा सम्पन्न भेलाले चौबेको अध्यक्षतामा ५५ सदस्यीय युवा संघ नेपालको वीरगंज महानगर कमिटी गठन गरेको हो । नवगठित कमिटीको उपाध्यक्षमा अखलेश गुप्ता, सचिवमा मधु सिंह, सहसचिवमा नागेश्वर यादव, कोषाध्यक्षमा जयप्रकाश मण्डल तथा सदस्यहरु पप्पु कुमार महतो, दिपेश सर्राफ, सुनिल पटेल, रोशन साह, मनोहर गिरी, राजेश मण्डल, रंजित यादव, कृष्णा पटेल, विकास यादव, विपिन महतो, राजु पटेल, शक्ति कुमार गुप्तालगायतका छन् । नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य एवम् पर्सा जिल्ला सहईन्चार्ज मनोज चौधरीको अध्यक्षता सम्पन्न भेला उद्घाटन नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य नगेन्द्र चौधरी चौधरीले गरेका थिए ।*
*भेलामा नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य एवम् मधेश प्रदेश सहइन्चार्ज रामचन्द्र साह, केन्द्रीय सदस्य एवम् पर्सा जिल्ला इन्चार्ज बालगोपाल थापा, पार्टीका युवा नेता मन्जुर आलम, युवा संघका केन्द्रीय सदस्य सन्जु चौधरी, जयशंकर यादवको उपस्थिति थियो ।*



# ६८.२७ प्रतिशत मुद्दामा सफलता

**काठमाडौँ ।**
महान्यायाधीवक्ता कार्यालयले आर्थिक वर्ष २०८०–८१ मा फैसला भएका मुद्दामध्ये ६८ दशमलव २७ प्रतिशत सफलता हासिल गरेको जनाएको छ ।
महान्यायाधीवक्ता कार्यालयले आइतबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष वार्षिक प्रतिवेदन पेस गरेपछि आयोजना गरेको पत्रकार सम्मेलनमा यस्तो जानकारी दिइएको हो ।
'सरकारी वकिल कार्यालयहरुबाट कूल ७० हजार दुई सय ८४ जना प्रतिवादीउपर ४५ हजार ९१ मुद्दा अभियोजन गरिएको छ,' वार्षिक प्रतिवेदनमा भनिएको छ, 'अनुसन्धान सम्पन्न भई रायसहित प्राप्त हुन आएका मुद्दामध्ये सात दशमलव ८८ प्रतिशत मुद्दा नचलाउने निर्णय भएको छ, जुन गत आर्थिक वर्षकोतुलनामावृद्धि भएकोछ ।'
नेपाल सरकारवादी भई मुद्दा चलाउन गरी निर्णय भएको मुद्दाको संख्या ४४ हजार आठ सय ११ र प्रतिवादी संख्या ६९ हजार छ सय ३५ छ ।




महान्यायाधीवक्ता कार्यालय र मातहतका कार्यालयहरुसँग ५५ वटा विषयमा कानूनी राय माग भएकामध्ये ४५ वटा विषयमा कानूनी राय सल्लाह उपलब्ध गराइएको जनाइएको छ । अभियोजन प्रक्रियालाई वैज्ञानिक प्रमाणमा आधारित बनाउन र फौजदारी न्याय प्रणालीलाई थप सुदृढ गर्न कार्यालयले विभिन्न नीतिगत सुधार गरेको प्रतिवेदनमा छ ।
महान्यायाधिवक्ता रमेश बडालले नेपालको संविधान र सरकारी वकिलको काम कारबाहीसँग सम्बन्धित कानूनले सरकारी वकिलको कार्यक्षेत्रमा गरेको विस्तार, अपराधको नवीनतम् प्रवृत्ति र प्रविधिले ल्याएको नयाँ कसुरको नियन्त्रण र निवारणका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताको क्षमता विकास गर्न आवश्यक रहेको बताए । अपराध अनुसन्धान निकाय र सरकारी वकिलबीचमा निरन्तर सहयोग, सहकार्य र समन्वय अपरिहार्य र फौजदारी न्यायको प्रभावकारिताका लागि अदालत तथा न्यायिक निकाय, अभियोजनकर्ता र प्रतिरक्षी कानून व्यवसायीको संस्था नेपाल बार एशोसिएसनसँग निरन्तर समन्वयको आवश्यकता रहेको बताए ।
'अभियोजन प्रणाली शुद्ध गर्न र प्रभावकारी प्रतिरक्षालगायतका कार्यमा महान्यायाधिवक्ताको कार्यालय सदैव प्रतिबद्ध छ,' महान्यायाधिवक्ता बडालले भने, 'सरकारी वकिलको व्यावसायिक उन्मुक्ति स्वतन्त इमानदारिता निष्पक्षता तथा सदाचारजस्ता मान्यताहरुलाई आत्मसात् गर्दै भरोसायुक्त र पीडितमैत्री सङ्गठनका रुपमा सरकारी वकिल कार्यालयहरूलाई अझ सुदृढ गर्न निरन्तर कियाशील छ ।'
नेपालको संविधानको धारा १५९ बमोजिम महान्यायाधिवक्ताले प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपतिसमक्ष पेस गर्ने व्यवस्था छ । रासस

# विस्थापितको समस्या समाधान आयोगद्वारा प्रतिवेदन पेस

**काठमाडौँ ।**
वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीसमक्ष शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज विस्थापितहरुको समस्या समाधान आयोग–२०८१ ले प्रतिवेदन बुझाएको छ । समितिका अध्यक्ष जयानन्द पनेरुले आइतबार मन्त्रालयमा प्रतिवेदन मन्त्री शाहीलाई बुझाए ।
सरकारले असोज २ गते मन्त्रिपरिषद्स्तरीय निर्णयबाट तीन महिनाको कार्यावधि तोकी आयोग गठन गरेको थियो । उच्च अदालतका पूर्वन्यायाधीश पनेरु अध्यक्ष रहेको आयोगमा जिल्ला प्रशासन कार्यालय कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटा, भूमिसुधार तथा मालपोत कार्यालय कञ्चनपुरका प्रमुख मालपोत अधिकृत लक्ष्मणबहादुर कठायत, नापी कार्यालय कञ्चनपुरका प्रमुख नापी अधिकृत किशनसिंह विष्ट, डिभिजन वन कार्यालय कञ्चनपुरका डिभिजनल वन अधिकृत रामविचरी ठाकुर सदस्य थिए । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय कञ्चनपुरका वरिष्ठ संरक्षण अधिकृत मनोजकुमार साह सदस्य–सचिव थिए । आयोगले असोज ७ गतेदेखि काम आरम्भ गरी तोकिएको समयमा रायसहितको प्रतिवेदन तयार गरी प्रतिवेदन मन्त्रीसमक्ष पेस गरेको जनाएको छ । रासस

# माघीको तयारीमा जुटयो थारू समुदाय

**कैलाली ।**
थारू समुदायको सबैभन्दा ठूलो पर्व माघी नजिकिएको छ । पश्चिम नेपालको तराई क्षेत्रमा बसोबास गर्दैआएको थारू समुदायका बस्तीमा यतिबेला माघी पर्वको तयारीले छपक्कै छोपेको छ । नयाँ वर्ष आरम्भका रूपमा उल्लासका साथ मनाइने यो पर्वको तयारीमा थारू समुदाय व्यस्त छ ।
माघी पर्व नजिकिएसँगै कैलाली, कञ्चनपुरलगायत थारू बस्तीमा चहलपहल बढेको छ । पर्वलाई भव्य रूपमा मनाउन घरपरिवारका सदस्य आआफ्नो कामको जिम्मेवारी लिएर खटिएका छन् । पुरुषहरू मासुको जोहो गर्न गाउँगाउँ धाइरहेका छन् भने महिलालाई दुना, टपरी बनाउन भ्याइनभ्याई छ ।
पर्वको तयारीका लागि विशेषगरी अन्डी धानको चामल, पिठोलगायत खाद्यान्नको जोहो गर्ने, दुनाटपरी गाँस्ने, जङ्गल गई दाउरा सङ्कलन गर्ने, तोरीको तेल पेल्ने, घर लिपपोत तथा आँगन सरसफाइलगायत कार्य धमाधम भइरहेको थारू नागरिक समाजका संयोजक दिलबहादुर चौधरीले जानकारी दिए ।
उनले भने, 'माघीमा विशेषगरी बङ्गुरको मासु, माछा, घोंगी, गङ्गटालगायत खानाका परिकार खाने चलन रहिआएकाले त्यसका लागि जुटेका छन् ।' यो पर्वमा नयाँ वर्ष शुभारम्भ हुने भएकाले नयाँ लुगा किन्न गाउँबाट सहरबजार जान थालेका छन् । रोजगारीका लागि विदेशिएकाहरू पर्व मनाउन घर फर्कन थालेका संयोजक चौधरीले बताए ।
माघीमा पाहुना धेरै जम्मा हुने भएकाले ढिक्री, रोटीलगायत खानाका परिकार तयार गर्न महिलालाई भ्याइनभ्याई छ । थारू समुदायको मुख्य पर्व भएकाले तामझामका साथ मनाउने तयारी भइरहेको कैलालीको गोदावरी नगरपालिका–७ फकलपुरका माधव चौधरीले बताए । 'गाउँमा हिजोआज बङ्गुर पाउन मुश्किल छ,' उनले भने, 'केही दिनअघि गाउँमा भलमन्साको बैठक बसेर जिता (बङ्गुर) मार्ने, कस–कसको जिता मार्ने, गाउँमा नपुगेपछि कहाँबाट ल्याउने भन्ने जिम्मेवारी नै दिइएको छ ।'
माघीको तयारीका लागि एक महिनाअघिदेखि नै अण्डीको रोटी, ढिक्रीका लागि पिठो जोहो गर्ने, सिद्रा जोहो गर्ने, जिता (बङ्गुर) खोज्ने लगायत कार्य शुरु भएको चौधरीको भनाइ छ । उनले थारू जातिको संस्कृति झल्कने मघौटा नाचको तयारी पनि अहिलेदेखि नै शुरु भएको बताए ।
'माघे सङ्क्रान्तिका दिन विशेषगरी थारू समुदायमा बिहानै उठेर नजिकैको नदी तलाउमा गई नुवाइधुवाई गरी आफूभन्दा ठूलाबाट आशीर्वाद लिने चलन छ,' चौधरीले भने, 'आशीर्वाद लिइसकेपछि घरमा अलग्गै छुट्याएर राखिएको चामल, नून, तेल र बेसारलगायत खाद्यान्न छुने तथा छुट्याइएका ती चिजहरूमा थप परिकार थपेर घरका छोरीबेटीलाई दिने परम्परा रहिआएको छ ।'
माघीमा विषेशगरी अण्डी चामलको भातरोटी, ढिक्री, बरिया, घोंगी, सुङ्गुरको मासु, माछा, गङ्गटालगायत स्थानीय खानाका पकवान खाने चलन छ । थारू समुदायका विभिन्न लोकसंस्कृति झल्किने एकल तथा सामूहिक नाचगान गरी रमाइलो गर्ने गरिन्छ । त्यस्तै माघी मनाउन गाउँगाउँमा मेला तथा महोत्सवको समेत आयोजना गरिएको छ । रासस

# सम्यक दान पर्वमा दुई हजार भिक्षुलाई महादान गरिने

**भक्तपुर ।**
तीन सय ५० वर्षअघि अर्थात् नेपाल संवत् ७८७ भन्दा अघिदेखि प्रत्येक वर्ष माघ १ गते मनाउँदै आएको महादान 'सम्यक दान पर्व' मा यस वर्ष दुई हजार भिक्षुलाई महादन गरिने भएको छ ।
शनिबार सम्यक महादान व्यवस्थापन सहयोग समितिले आयोजना गरेको पत्रकार सम्मेलनमा समितिका अध्यक्ष गणेश बज्राचार्यले भक्तपुर नगरपालिका–१ स्थित जयकीर्ति महाविहार (ययुबही) परिसर भुइख्यमा गरिने बौद्ध परम्पराअनुसारको सम्यक महादान पर्वमा भिक्षुलाई महादन गर्ने तयारी रहेको जानकारी दिए । पाँच दीपकङ् बुद्धका मूर्तिहरूलाई स्थानीय थथुवहिमा विराजमान गराई बुद्ध ज्ञान प्राप्त शाक्य र बज्राचार्यका सम्पूर्ण भिक्षुहरूलाई प्रसाद, चामललगायत विभिन्न परिकार दान दिने र पाँच दीपङ्करको परिक्रमा गराई पूजासमेत दिएर मनाइने उनले बताए ।
भक्तपुर दरबार क्षेत्रसँगै रहेको प्रसिद्ध चतुब्र्रह्म महाविहारका सङ्घ सदस्य जयरत्न बज्राचार्यले नेपाल संवत् ७८७ मा आफ्ना दिवङ्गत पिता जयदेव बज्राचार्यका नाममा दीपङ्कर बुद्धलगायत विहारका सङ्घ सदस्यहरूलाई निमन्त्रणा गरेर सम्यक भोजन दान गरी यस पर्वको स्थापना गरेको शिलापत्रमा उल्लेख रहेको उनले बताए । यस समयमा जयकीर्ति महाविहार अत्यन्तै जीर्ण अवस्थामा रहेको हुँदा जयरत्न बज्राचार्यबाटै नेपाल संवत् ७९४ मा विहारको जिर्णोद्वार गरी सोही वर्ष राजा जयजितामित्र मल्लको उपस्थितिमा सम्यक महादान भव्य रूपमा सम्पन्न गरेको इतिहासमा उल्लेख छ ।
सम्यक दानमा परम्परागत रुपमा स्थापना भएका बौद्ध विहारहरूमा दीक्षित भई गृहस्थ बौद्ध भिक्षुहरू शाक्य र बज्राचार्य बन्दहरूलाई भोजन, अन्न दक्षिणा दिइने चलन रहेको समितिका सल्लाहकार सप्तचन्द्र बज्राचार्यले जानकारी दिए । यस वर्ष सम्यक दान पर्व मनाउने पालो सप्तचन्द्र बज्राचार्यलगायत परिवकारको रहेकाले जयकीर्ति महाविहारमा एक साताअघिदेखि नै बसोबास गरी पर्वका लागि आवश्यक पर्ने विशेष प्रकारको पुरी, लड्डुलगायत अन्य सामग्रीको व्यवस्थापन गर्न व्यस्त रहेको समितिका राजुमन बज्राचार्यले बताए ।
यस वर्ष पर्व अवलोकन गर्नेलगायत सम्यक दान लिने बौद्ध धर्मावलम्बीहरू अघिल्लो वर्षहरूमा भन्दा बढी हुने अनुमान गर्दै सोही अनुरुप तयारी भइरहेको उनले बताए ।
सम्यक महादानका क्रममा जयकीर्ति महाविहार (थथुबही) परिसर भुइख्यमा चतुब्र्रह्म महाविहार सङ्घका कूलदेवता हेबज नैरात्मालाई सबभन्दा पहिले भोजन दान दिने परम्परा छ । त्यसपछि लहरै मूल दीपङ्कर, बाहाछे दीपङ्कर, भौरबही दीपङ्कर, ययुबही दीपङ्कर र कुथुबहि दीपङ्करलाई भोजन चढाउने गरिन्छ ।
यसैगरी क्रमबद्ध रूपमा विराजमान गराइएका चारवटा सम्यक द्यो (सुवर्ण दीपङ्करको मूर्ति), सुवर्ण चैत्य, स्थवीर आजु, मूल गुरुजु, गुरुजूहरू र लामबद्ध भएर बसेका सयौँ बज्राचार्य, बुद्धाचार्य र शाक्य परिवारका सदस्यहरूलाई सम्यक दान दिने परम्परा छ । रासस




**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**पटेर्वा सुगौली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पर्सा, मधेश प्रदेश, नेपाल**

# चाकु र तरुल मानव शरीरका लागि लाभदायक

काठमाडौँ ।
जाडोमा शरीरको तापक्रम स्थिर राख्न मानव शरीरलाई न्यानो बनाइराख्नुपर्ने पोषणविद्हरू बताउँछन् । सही खानपान तथा आवश्यक पोषक तत्वहरू प्राप्त भयो भने न्यानोपन महसुस हुने भएकाले जाडोमा शरीर न्यानो राख्न झोलिलो तथा पौष्टिक खानेकुरा बढी सेवन गर्नुपर्ने पोषणविद्हरू सुझाव छ ।
पोषणविद्का अनुसार जाडोमा शरीर न्यानो राख्न कार्बोहाइड्रेट, फ्याट, प्रोटिन, मिनिरल्स सबैको सन्तुलित मात्रामा भोजन गर्नुपर्छ । पोषणविद् डा. मनषा थापा ठकुराठीले भनिन्, 'विभिन्न मसालाजस्तै अदुवा, लसुन, बेसार, मरिच, जुवानोले शरीर तातो राख्न मद्दत गर्छन् । पोषणविज्ञानले चिसो र तातो खाना छुट्याएको छ । कुन खाना खाँदा तातो प्रभाव दिन्छ, सोही खानेकुरा सेवन गर्नुपर्छ ।'
उनले जाडोमा कोदो तथा फापरको रोटी, गहतको दाल, जुवानोको झोल, चमसुरको साग, सौँफको सागलगायत परिकारले शरीर न्यानो राख्न सहयोग गर्ने बताइन् । 'जुन खानेकुरा खाँदा शरीरलाई गर्मी गर्छ त्यस्तो खानेकुरा खानुपर्छ । बच्चाहरूलाई तातो दूध दिन सकिन्छ । बच्चा र बुढाबूढीलाई खीर पनि खान दिन सकिन्छ । यसले पनि शरीरलाई ताप दिन्छ,' पोषणविद् डा. ठकुराठीले भनिन् ।
बजारमा पाइने विभिन्न तयारी अवस्थाका सुपका प्याकेटभन्दा घरमा ताजा तरकारीको सुप बनाएर खाँदा शरीरलाई फाइदा पुग्ने पोषणविद् विनिता पन्तले बताइन् । उनले भनिन्, 'मांसाहारीले मासुको सुप खान सक्नुहुन्छ । हरियो तरकारी तथा गेडागुडीको सुपहरू बनाएर खाँदा शरीर तातो राख्छ । बजारमा पाइने तयारी सुपहरू नखानु उपयुक्त हुन्छ । दाल तथा गेडागुडीका सुप पनि शरीरका लागि फाइदाजनक छन् । हरियो सागसब्जी, फलफूल पनि खानुपर्छ ।'
पन्तका अनुसार जाडोमा पानी कम खाइने हुनाले अरु झोलिलो खानेकुराबाट पानीको मात्रा पूर्ति गर्नुपर्छ । 'मनतातो पानी खाने बानी गर्नुपर्छ । कोदोको सुप एकदम पौष्टिक हुन्छ । सकेसम्म दैनिक एकछाक कोदो खाँदा उपयुक्त हुन्छ । यसमा क्याल्सियम र पोटासियमको मात्रा बढी हुन्छ । लसुन, अदुवा, बेसारले एन्टिबायोटिकका रूपमा काम गर्दछ । यसलाई खानेकुरामा प्रयोग गर्न सकिन्छ ।'
माघे सङ्क्रान्तिमा खाइने घिउ, चाकु, तिलको लड्डु, सख्खर, तरुलले जाडोमा न्यानो राख्न सहयोगी भूमिका खेल्न पोषणविद् ठकुराठीले बताइन् । उनले भनिन्, 'चाकुलाई जाडोमा खाने भनेर प्रकृति र मौसमले दिएको खाद्ययवस्तु हो । यसले शरीरलाई ताप दिन्छ । परम्परागत रूपमा पनि यसको महत्व छ । नेवार समुदायमा सुत्केरी महिलालाई तातो गराउन भातमा चाकु र घिउ राखेर खान दिने गरिन्छ ।'
पोषणविद् पन्तले पनि तरुलमा क्याल्सियम तथा पोटासियम बढीमात्रामा पाइने हुनाले यसले शरीरलाई लाभ पु¥याउने धारणा राखिन् । उनले भनिन्, 'तरुल कार्बोहाइड्रेटको स्रोत हो । यसले हाम्रो शरीरमा शक्ति प्रदान गर्नुका साथै विभिन्न रोग लाग्नबाट बचाउँछ । चाकुमा आइरन प्रशस्त पाइन्छ, यसमा क्यालोरी पनि हुने भएकाले शरीरलाई सुरक्षा प्रदान गर्छ ।'
विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक, अशक्त बिरामी, दीर्घरोगीलाई चिसो लाग्ने सम्भावना बढी हुने भएकाले तातो खानेकुरामा बढी जोड दिनुपर्ने पोषणविद् डा. ठकुराठीको भनाइ छ । उनले भनिन्, 'दैनिक रूपमा खाइने खाद्यवस्तु र झोलिलो खानेकुरामा बढी ध्यान दिनुपर्छ । फ्रिजमा राखिएका चिसो खानेकुरा खानु हुँदैन । कमजोर तथा छातीमा चिसो लाग्ने बिरामीहरूले त्यस्ता खानेकुरा खानै हुँदैन । यसले घाँटीको एलर्जी हुने खसखसाउने समस्या निम्त्याउँछ । दही खाँदा दिउँसो मात्र खाने गर्नुपर्छ । बिहान वा बेलुका बढी चिसो समयमा खाँदा पाचन प्रक्रियामा गइसकेपछि त्यसले असर गरी पाचन प्रक्रियामा गडबडी हुन सक्छ ।'
खानेकुराले नभई व्यक्तिपिच्छे शरीरको प्रक्रिया फरक हुने भएकाले आफूलाई कस्ता खाना खाँदा सुहाउँदो हुन्छ त्यो विचार गरेर खानुपर्ने पोषणविद् डा. ठकुराठीले बताइन् । सही खानेकुराको सेवन नगर्दा पेट फुल्ने, ग्यास भरिने, पाचन प्रक्रिया सहज नहुने खालका समस्या जाडोमा बढी देखिने उनले उल्लेख गरिन् ।
पोषणविन्द् पन्तले आफूले कति शारीरिक क्रियाकलाप गरिन्छ सोहीअनुसार खानेकुराको सेवन गर्नुपर्ने बताइन् । 'खाने भन्दैमा कुनै पनि खानेकुरा बढी खानुहुँदैन । तिल, आलस, काजु, बदाम, ओखर खानु सन्तुलित रूपमा खानुपर्छ । यी खानेकुराहरूमा क्योलोरी तथा मिनिरिल्सको मात्रा बढी हुने भएकाले दैनिक रूपमा खानु शरीरका लागि उपयुक्त मानिन्छ ।' रासस

# महोत्तरीमा धान उत्पादन बढ्यो



**मधेशदृष्टि**
**जलेश्वर ।**
महोत्तरीमा यसवर्ष धान उत्पादन बढेको छ । कृषि ज्ञान केन्द्र महोत्तरीका प्रमुख मनिष पालका अनुसार गत वर्षको तुलनामा यस वर्ष जिल्लामा ३७ हजार एक सय मेट्रिक टन धान बढी उत्पादन भएको हो । यस वर्ष कुल ४२ हजार पाँच सय हेक्टरमा गरिएको धानखेतीमा एक लाख ५९ हजार आठ सय मेट्रिक टन धान उत्पादन भएको हो । जुन गतवर्षको तुलनामा ३० दशमलव दुई प्रतिशतले बढी हो । गतवर्ष ३९ हजार आठ सय ७० हेक्टरमा धानखेती गरिँदा एक लाख २२ हजार सात सय मेट्रिक टन धान उत्पादन भएको थियो । महोत्तरीमा यसवर्ष पर्याप्त वर्षा, उन्नत प्रजातिका बिऊ, समयमै मल खाद्य तथा कृषि प्राविधिकको साथ भएकाले धान उत्पादन बढेको प्रमुख पालले बताए । उनले मसिनो र सुगन्धित धान (बासमति, कारी कुमोद, तुलसी फूल) लगायतको धान उत्पादन, क्षेत्रफल र उत्पादकत्वमा भने ह्रास आएको बताए । उनका अनुसार यसवर्ष जिल्लामा केवल तीन हजार दुई सय ५० हेक्टरमा मसिनो धानखेती गरिएकोमा १० हजार छ सय २५ मेट्रिक टन धान उत्पादन भएको हो । केन्द्रका अनुसार जिल्लामा यसवर्ष मोटा धानको उत्पादकत्व प्रतिहेक्टर तीन दशमलव ७६ मेट्रिक टन छ भने मसिनो धानको उत्पादकत्व मात्र दुई दशमल पाँच मेट्रिक टन छ ।

# श्रेष्ठलाई गोपाल गिरी पत्रकारिता पुरस्कार

**मधेशदृष्टि**
**वीरगंज ।**
गोपाल गिरी स्मृति क्रियाशील पत्रकारिता पुरस्कार पत्रकार पंकज श्रेष्ठलाई प्रदान गरिने भएको छ । आइतबार बसेको नेपाल पत्रकार महासंघ पर्सा शाखाको बैठकले पंकज श्रेष्ठलाई पुरस्कार वितरण निर्णय गरेको छ । गोपाल गिरीका परिवारसँगको सहकार्यमा स्थापना भएको पुरस्कारको राशी ५१ हजार रुपैयाँ रहेको छ । गिरी ०४७ सालमा पत्रकार महासंघ पर्सा शाखाको अध्यक्ष भएका थिए । तत्कालिन वीरगंज उपमहानगरको मनोनित मेयर रहँदा २०६० साल माघ १ गते तत्कालिन माओवादीले गोपाल गिरीको हत्या गरेको थियो । उनै गिरीको सम्झनामा २०६१ सालमा नेपाल पत्रकार महासंघ पर्साले यो पुरस्कार वितरण गर्दै आएको शाखा अध्यक्ष ओमप्रकाश खनालले जानकारी दिए । श्रेष्ठ कान्तिपुर टेलिभिजन पर्साका क्यामरा प्रर्शनको रुपमा कार्यरत रहेका छन् ।

# मधेशका उद्योगहरुको उत्पादन...

खर्ब ९ अर्ब ५९ करोड रुपैयाँ थियो । मधेश प्रदेशको उद्योग क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये गैर–खाद्यवस्तु उत्पादन उद्योगमा ५३.६८ प्रतिशत, कृषि–वन तथा पेय पदार्थ उत्पादन उद्योगमा ३४.५५ प्रतिशत छ । धातुको उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स सामानको उत्पादनमा ४.४७ प्रतिशत, निर्माण उद्योगमा ५.६७ प्रतिशत, खानी उद्योगमा १.२५ प्रतिशत र विद्युत, ग्यास तथा पानी उद्योगमा ०.४६ प्रतिशत कर्जा प्रवाह भएको छ । गत आर्थिक वर्षको तुलनामा १७.८८ प्रतिशतले वृद्धि भई ३ खर्ब ४९ अर्ब ४५ करोड रुपैयाँ पुगेको छ । अघिल्लो सोही अवधिमा यस्तो निक्षेप १३.२३ प्रतिशतले वृद्धि भई २ खर्ब ९६ अर्ब ४६ करोड रुपैयाँमा सीमित थियो । गत आर्थिक वर्षमा बैंक तथा वित्तीय संस्थाले मधेश प्रदेशमा प्रवाह गरेको कर्जा अघिल्लो आर्थिक वर्षको तुलनामा ३.९८ प्रतिशतले वृद्धि भई ४ खर्ब ७८ अर्ब ५३ करोड रुपैयाँ पुगेको छ । मधेश प्रदेशमा निर्माणाधीन र निर्माण हुने क्रममा रहेका राष्ट्रिय गौरवका आयोजना निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, पूर्व–पश्चिम रेलमार्ग, हुलाकी राजमार्ग, काठमाडौँ तराई मधेश द्रुतमार्ग र राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम कार्यान्वयन चरणमा छन् । आर्थिक वर्ष २०८०–८१ को अन्त्यसम्ममा मधेश प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्या १ लाख ७२ हजार ८ सय ६१ छ । यो संख्या मुलुकबाट श्रम स्वीकृति लिने कुल संख्याको २३.३२ प्रतिशत हो ।

# जगतपुरमा वृक्षारोपण

**मधेशदृष्टि**
**वीरगंज ।**
हरित वातावरणलाई प्रवद्र्धन गर्न 'हरियो वन, संसारको धन' भन्ने नाराका साथ लायन्स क्लब अफ सेन्टर सिटी र लायन्स क्लब प्रभुको संयुक्त रुपमा पोखरिया नगरपालिकाको वडा नम्बर ८ जगतपुरमा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा उपस्थित सहभागीहरूले सामूहिक रूपमा वृक्षारोपण गरेका थिए । हरित वातावरणको संरक्षण र दिगो विकासलाई प्रोत्साहन गर्न गरिएको कार्यक्रमले पर्यावरणीय चेतना जगाउने विश्वास लिइएको छ । कार्यक्रमका वक्ताहरूले वृक्षारोपणले पर्यावरण संरक्षण, जलवायु परिवर्तन नियन्त्रण र जैविक विविधताको संरक्षणमा महत्त्वपूर्ण योगदान पु¥याउने बताए । साथै, जगतपुर क्षेत्रलाई हराभरा बनाउने अभियानमा सबैको सहकार्य आवश्यक रहेकोमा जोड दिए । कार्यक्रममा १५० वटा विभिन्न प्रजातिका बिरुवा रोपिएका छन् ।

# राष्ट्रिय समता पार्टी नेपाल घोषणा



**मधेशदृष्टि**
**रौतहट ।**
संघीय हिन्दू लोकतन्त्र प्रमुख एजेन्डा बनाउँदै राष्ट्रिय समता पार्टी नेपाल घोषणा भएको छ ।
रौतहट जिल्लाको दुर्गा भगवती गाउँपालिकामा उक्त पार्टी घोषणा गरिएको हो । अयोध्यामा पूजापाठ गरेर पार्टी घोषणा गरिएको पार्टीका केन्द्रीय अध्यक्ष विजयप्रकाश निषादले जानकारी दिए । 'आज हामीले राष्ट्रिय समता पार्टी नेपाल घोषणा गरेका छौँ । जनतालाई गाँस बासको व्यवस्था तथा पीडित नेपाली नागरिकको सहयोगका विषयमा हामी आवाज उठाउने छौँ' उनले भने । पार्टीले आफ्नो अभियान गाँजा खेतीलाई प्रोत्साहन गर्ने बताएको छ । सो पार्टीका राष्ट्रिय अध्यक्षमा विजयप्रकाश निषाद, वरिष्ठ उपाध्यक्ष विशाल झा, महासचिव डा.अभिषेक तिवारी, प्रवक्ता अधिवक्ता रणवीर कुशवाहा, केन्द्रीय प्रशिक्षण विभाग प्रमुख पं.श्रीनन्दन भारद्वाज, मधेश प्रदेश अध्यक्ष विवेक शाह कानु रहेका छन् ।

# माइस्थान क्षेत्रमा पाँच सय जनालाई चिया वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
अन्तर्राष्ट्रिय सामाजिक संस्था लायन्स क्लबका संस्थापक मेलविन जोन्सको जयन्तीको अवसरमा वीरगंजको माइस्थान क्षेत्रमा पाँच सय जनालाई चिया वितरण गरिएको छ । जयन्ती सप्ताहअन्तर्गत लायन्स क्लब वीरगंज ग्रीन क्याम्पस, सिसेम एकेडेमी विजय पथ, गोल्डन स्पेरो, गहवामाई, ग्रीन सिटी र इनिसिएटिभको संयुक्त आयोजनामा कार्यक्रम सम्पन्न भएको हो । जाडोको मौसममा लायन्स क्लबका सदस्यहरूले समुदायलाई सहयोग गर्ने उद्देश्यसहित उक्त कार्यक्रमको आयोजना गरेका थिए । लायन्स क्लबका उमेश साह कानूको अगुवाइमा सम्पन्न कार्यक्रममा उप गभर्नर आर.बी. पाण्डेय, समारोह एरिया संयोजक आसमा सिंह यादव, अध्यक्ष सुनील गुप्ता, पूर्व अध्यक्षहरू विजय कुशवाहा, विनीत जायसवाल, किरण अग्रवाल, उमेश गुप्ता, प्रकाश उपाध्याय, दीना गुप्ता लगायतको उपस्थिति रहेको थियो ।

# जिल्ला बचत तथा ऋण सहकारी संघको अध्यक्षमा पटेल

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला बचत तथा ऋण सहकारी संघ पर्साको अध्यक्षमा हरेराम पटेल निर्वाचित भएका छन् । शनिबार सम्पन्न संघको १७ औं साधरणसभामा नयाँ नेतृत्व चयनका लागि भएको निर्वाचनबाट संघको अध्यक्षमा पटेल निर्वाचित भएका हुन् । पटेल, २०७९ को निर्वाचनमा पर्सा क्षेत्र नम्बर २ को (ख) मा नेकपा एमालेबाट प्रदेशसभा सदस्यका उम्मेदवार पनि थिए । शनिबार भएको निर्वाचनको अबेर राति सम्पन्न मतगणनामा नेपाली कांग्रेस समर्थित अध्यक्षका उम्ममेदवार राकेश यादवलाई ३८ मतको फराकिलो मतान्तरले पराजित गर्दै पटेल संघको अध्यक्षमा विजयी भएका हुन् । कूल १२६ मध्ये खसेको १२२ मतमध्ये पटेलले ७९ मत र यादवले ४१ मत पाएको निर्वाचन अधिकृत रामनारायण कुर्मीले जानकारी दिए । यस्तै संघको बरिष्ठ उपाध्यक्षमा जिष्णु बराल ७० मतका साथ विजयी हुदाँ उनका प्रतिस्पर्धी राजेन्द्र प्रसाद जयसवालले ५० मतमात्रै पाए । उपाध्यक्षमा नगनारायण सिंह ६० मततका साथ, महासचिवमा राजीव कुमार साह सोनार ६२ मत, कोषाध्यक्षमा अरुण कुमार साह ८१ मतका साथ र सचिवमा नरेश चौरसिया ७७ मतका साथ निर्वाचित भएका छन् ।

# हत्याका अभियुक्त ४० वर्षपछि पक्राउ

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीमा प्रहरीले हत्याका अभियुक्तलाई फरार भएको ४० वर्षपछि पक्राउ गरेको छ । पक्राउ पर्नेमा रौतहटको राजदेवी नगरपालिका ९ का ५६ वर्षीय राजु सिंह रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक दीपक श्रेष्ठका अनुसार मधेश प्रदेश प्रहरी कार्यालय जनकपुर र जिल्ला प्रहरी कार्यालय, सर्लाहीबाट खटिएको संयुक्त प्रहरी टोलीले सिंहलाई पक्राउ गरिएको हो ।
प्रवक्ता श्रेष्ठका अनुसार सिंह कर्तव्य ज्यान मुद्दामा ४० वर्षदेखि फरार रही सर्लाहीको चक्रघट्टा गाउँपालिका ४ सुन्दरपुरमा धर्म र नाम परिवर्तन गरी लुकीछिपी बसेका थिए । पक्राउ परेका सिंहलाई आइतबार जिल्ला अदालत रौतहटमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

# ट्याक्टरबाट लडेर एक जनाको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा ट्याक्टरबाट लडेर एक पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा पर्साको जगरनाथपुर गाउँपालिका – ५ भीखमपुरका ४५ वर्षीय शिवकुमार कुर्मी रहेका छन् । वीरगंज महानगरपालिका –१७ अलौंस्थित सडकमा ना.६ त ३३४ नम्बरको ट्याक्टरबाट लडेर कुर्मी गम्भीर घाइते भएका थिए । घाइते कुर्मीको वीरगंजस्थित नारायणी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । ट्याक्टर र त्यसका चालकलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता, प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी दिए ।


## निक्षेप तथा कर्जाको व्याज दर

माघ १, २०८१ देखि लागु

| खाताका प्रकारहरु | न्युनतम मौज्दात | वार्षिक ब्याज दर |
|---|---|---|
| कर्पोरेट सेभिङ खाता | रु.१,००० /- | ३.४०% |
| कर्पोरेट प्याट्रोन | रु.१५,०००/- | ४.६०% |
| कर्पोरेट हाईयर सेभिङ | रु.५,०००/- | ४.२५% |
| कर्पोरेट सिनियर सेभिङ | रु.१,००० /- | ४.००% |
| कर्पोरेट नारी बचत | रु.१,००० /- | ४.००% |
| कर्पोरेट स्टुडेन्ट स्कलर | रु.५०० /- | ४.००% |
| कर्पोरेट फास्ट ट्र्याक | रु.१०,०००/- | ४.५०% |
| कर्पोरेट बाल बचत | रु.१,००० /- | ४.००% |
| कर्पोरेट सुपर सेभिङ | रु.२५,०००/- | ५.००% |
| कर्पोरेट गोल्डेन सेभिङ | रु.५०,०००/- | ५.४०% |
| ३ वर्षे रेकरिङ खाता | रु.१,००० /- | ६.००% |
| ५ वर्षे रेकरिङ खाता | रु.१,००० /- | ६.२५% |
| ५ वर्षभन्दा माथिको रेकरिङ खाता (फिक्स्ड समेत) | रु.१,००,००० /- | ६.५०% |
| कर्पोरेट फिक्स्ड रिटर्न | रु.१,००,०००/- | ७.००% |
| कर्पोरेट फिफ्टी फिक्स्ड | रु.१,००,०००/- | ६.००% |
| कर्पोरेट प्रोभिडेन्ड फन्ड | रु.१,००० /- | ६.२५% |

### फिक्स्ड डिपोजिट

| फिक्स्ड डिपोजिटका प्रकार | न्युनतम मौज्दात | वार्षिक ब्याजदर | |
|---|---|---|---|
| | | व्यक्तिगत घटीमा ३ महिना | संस्थागत घटीमा ६ महिना |
| कर्पोरेट जेनरल फिक्स्ड डिपोजिट | १०,००० | ६.२५ % | ५.२५ % |
| कर्पोरेट फिक्स्ड डिपोजिट | २५,००० | ६.५० % | ५.५० % |
| कर्पोरेट सुपर फिक्स्ड डिपोजिट ५ बर्षभन्दा माथि | १,००,००० | ६.५० % | ५.५० % |
| फिक्स्ड डिपोजिट ३-२४ महिना | १००,००० | ७.००% | ६.००% |
| प्रिमियम फिक्स्ड डिपोजिट ६-२४महिना | ५,००,००० | ७.१०% | ६.१०% |
| स्पेशल फिक्स्ड डिपोजिट १० महिना | १०,००,००० | ७.५०% | ६.५०% |

**नयाँ/सकृय वर्गको कर्जा तर्फ :**
कृषि कर्जाको ब्याज दर बेस रेटमा + २.००%
प्राईम कर्जाको ब्याज दर बेस रेटमा +२.२५% देखि ४.२५%सम्म ।
अन्य कर्जाको ब्याज दर बेस रेटमा + ३.००% देखि ५.००%सम्म ।
मुद्दति निक्षेपमा कर्जाको ब्याज दर कुपन/बेस रेटमा +२.००% (जुन बढी छ)।
**फिक्स्ड ब्याज दर (घर/हायपर्चेज/ब्यक्तिगत वा टर्म कर्जा )**
१५ वर्षसम्मको आवधिक कर्जामा बेस रेटमा + ४.५०% सम्म ।
**बेस रेट ९.९३% (तीन महिनाको औसत)**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

**प्रधान कार्यालय:**
गीता मंदिर रोड, बिरगंज
फोन नं ०५१– ५३१०३१
**शाखा कार्यालय:**
बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट,
श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।





## शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।**

**परवानीपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
लिपनीमाल, बारा, मधेश प्रदेश, नेपाल

सम्पादकीय

# वीरगंजलाई आर्थिक राजधानी बनाउने बहस

*वीरगंजलाई आर्थिक राजधानी घोषणा गर्नुपर्ने विषयमा बेलाबेला चर्चा र बहस हुने गरेको छ। नेता, विश्लेषक, व्यवसायी तथा केही व्यक्ति यो विषयमा चर्चा गर्दै आइरहेका छन्। वीरगंज नेपालको दक्षिणी तराई क्षेत्रमा अवस्थित एक प्रमुख व्यापारिक केन्द्र भएको हिसाबले पनि वीरगंजलाई आर्थिक राजधानीका रुपमा अघि बढाइनुपर्ने आवाज उठेको हो। भारतसँगको सीमा नाका र उत्कृष्ट भौगोलिक अवस्थाका कारण नेपालका लागि आर्थिक गतिविधिहरूको केन्द्रबिन्दु वीरगंज बन्नसक्ने एथेष्ट सम्भावनाहरु रहेका छन्। वीरगंजलाई आर्थिक राजधानी बनाउनुपर्ने सवालमा शनिबारमात्रै आम जनता पार्टीका अध्यक्ष प्रभु शाहले पनि आफ्नो धारणा राखे। यस विषयमा वकालत गर्नेहरूले यस क्षेत्रको आर्थिक महत्व, व्यापारिक पूर्वाधार र अन्तर्राष्ट्रिय पहुँचको विषयमा आफ्नो धारणा राख्दै आइरहेका छन्।*

*वीरगंजलाई आर्थिक राजधानी बनाउनका लागि भौगोलिक अवस्था एउटा महत्वपूर्ण पक्ष हो। भारतसँगको खुला सीमा र नेपालको प्रमुख भन्सार नाका भएर वार्षिक अर्बौंको व्यापार हुने गरेको तथ्यले यो क्षेत्रलाई आर्थिक केन्द्रको रूपमा स्थापित गरेको छ। भारतका प्रमुख शहरहरूसँग सिधा सम्पर्क स्थापित गर्न सक्ने सामथ्र्य समेत वीरगंजसँग छ। वीरगंजले औद्योगिक उत्पादन र वितरणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ, जुन देशको समग्र आर्थिक वृद्धिका लागि अत्यन्तै महत्वपूर्ण छ। देशको आर्थिक राजधानीको रुपमा विकास गर्ने भनेर केही राजनीतिक दलका नेता, केही व्यापारी, बुद्धिजीविहरुले भन्दैमा मात्र पनि हुँदैन। यसका लागि यस्ता–यस्ता आधार छन् भनेर त्यसलाई अगाडी सार्दै त्यो अनुसारको प्रतिफलहरु देखाउनुपर्छ।*

*आर्थिक राजधानी बनाउँने विषयमा बहस गरिरहँदा यसमा आउने चुनौतीहरूलाई पनिख्याल गर्नुपर्छ। यसका लागि राजनीतिक स्थायित्व र सुशासनको आवश्यकता अत्यन्तै महत्वपूर्ण स्थान हुनुपर्छ। आर्थिक राजधानीको रुपमा एउटा परिचय थप्नुमात्र उपलब्ध हासिल भएको रुपमा बुझ्नु हुँदैन।*

*वीरगंजमा बढ्दो शहरीकरण र यससँगै आउने वातावरणीय समस्याहरूलाई पनि सम्बोधन गरेर अघि बढ्नुपर्छ। आर्थिक राजधानी बन्दा देशको समग्र आर्थिक परिदृश्यमा के प्रभाव पर्छ भन्नेबारे गहन छलफल हुनुपर्छ। दक्षिणी क्षेत्रको विकासलाई प्रोत्साहन गर्नसक्छ,देशका अन्य क्षेत्रहरूमा पनि समान आर्थिक अवसरहरू सृजना गर्न प्रेरित गर्नेछ। आर्थिक राजधानीको परिचयका कारण विदेशी लगानी आकर्षित गर्ने सम्भावना बढ्नसक्छ। स्थानीय स्तरमा आर्थिक गतिशीलतामा पनि भूमिका खेल्नसक्छ।*

*वीरगंजलाई आर्थिक राजधानी बनाउने विषयमा बहसले विस्तारै सार्थकता प्राप्त गर्नसक्छ। राजनीतिक दल, व्यवसायी, विद्धान लगायत सबै क्षेत्रका व्यक्तित्वहरुले उत्तिक्कै भूमिका निर्वाह गर्नुपर्छ। वीरगंजलाई साँच्चै देशकै एउटा आर्थिक राजधानीको रुपमा विकास गर्ने हो भने यसको लागि बहुआयामिक योजना, स्थानीयको सहभागिता र दीर्घकालीन लाभ–हानीको विश्लेषण गरी योजनाबद्ध रुपबाट अघि बढ्नुपर्छ। आर्थिक राजधानीको घोषणाले वीरगंज मात्र नभई देशभरका अन्य क्षेत्रहरूमा पनि आर्थिक विकासको मार्ग प्रशस्त गर्नुपर्छ। संघीय, प्रदेश तथा स्थानीय सरकारले यस विषयमा आवश्यक नीति निर्माण गरी कार्य अगाडी बढाउनुपर्छ। आफ्नो राजनीतिक लाभका केबल भाषणको एउटा विषयमात्र नबनाई साँच्चै यस विषयमा रही आवश्यक छलफल बहसलाई तीब्रता दिइनुपर्छ।*

# ‘मानव अधिकारको संरक्षण साझा दायित्व’

**रासस**
पोखरामा आइतबार आयोजित एक कार्यक्रमका सहभागीहरुले मानव अधिकारको संरक्षण साझा दायित्व भएकामा जोड दिएका छन्। जिल्ला समन्वय समिति कास्कीद्वारा आयोजित ‘जिल्लाको मानव अधिकारको अवस्थाका सम्बन्धमा समिति तथा सरोकारवाला निकायबीच अन्तरक्रिया’ कार्यक्रमका वक्ताहरूले सरोकारवाला सबैले आ–आफ्ना स्थानबाट अधिकारसँगै कर्तव्यको पालना र जिम्मेवारी बहन गर्न सकेम मानव अधिकारको रक्षा गर्न सकिने बताए।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालयका प्रमुख नितु गड्तौलाले सबैले आ–आफ्नातर्फबाट जिम्मेवारी बोध गर्न सक्ने हो भने मानवअधिकार रक्षा हुने बताए। मानव अधिकार उल्लङ्घनका घटनाहरू सहज रुपमा बाहिर आउनुपर्नेमा जोड दिँदै उनले यसका लागि स्थानीय सरकारको विशेष जागरुकता आवश्यक हुने बताए। कास्कीमा विभिन्न प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनाहरू आउने गरेको उल्लेख गर्दै उनले यसको न्यूनीकरणका लागि सम्बद्ध सबैको एकताबद्ध प्रयास आवश्यक हुने बताए।

जिल्ला न्यायाधिवक्ता कमला काफ्लेले मानव अधिकारको उल्लङ्घनका घटनाहरू अत्यधिक बढेका उल्लेख गर्दै आर्थिक रुपमा विपन्न वर्ग र समुदायमा यो क्रम अझै बढ्दो क्रममा रहेको बताए। पछिल्लो समयमा यौन हिंसा पनि भयावह रुपमा देखिन थालेको तथा कतिपय स्थानमा आफ्नै घरमा नै सुरक्षित नबनेका घटनाहरू देखिन थालेको बताए। पीडितलाई न्याय दिलाउन र दोषीलाई कारबाहीको दायरामा ल्याउन सबैको एकताबद्ध प्रयास आवश्यक हुने उनले बताए।

कार्यक्रमका सभापति एवं जिल्ला समन्वय समितिका प्रमुख लिलाधर पौडेलले सबैले आफ्नो जिम्मेवारी र कर्तव्य बोध गर्न सके मानव अधिकारको रक्षा गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे।

जिल्ला समन्वय अधिकारी नवराज बरालले सरोकारवाला निकायका प्रतिनिधिलाई एकै ठाउँमा राखेर जिल्लाको समग्र मानव अधिकारको अवस्था सम्बन्धमा जानकारी लिन र छलफल गर्ने उद्देश्यका साथ कार्यक्रम आयोजना गरिएको बताए।

कार्यक्रममा अनौपचारिक सेवा केन्द्र (इन्सेक) का कार्यक्रम अधिकृत सबनम शर्माले मानव अधिकार सम्बन्धमा पाँचौं राष्ट्रिय कार्ययोजनासहित मानव अधिकारको विश्वव्यापी घोषणापत्र कार्यान्वयनमा जिल्ला तथा पालिकाहरूको महत्वपूर्ण भूमिका हुने बताए। राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालयका अधिकृत मोहन काफ्लेले महिला, शान्ति र सुरक्षासम्बन्धी. संयुक्त राष्ट्रसङ्घ, सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० का प्रावधान र कार्यान्वयनमा रहेका चुनौतीको सम्बन्धमा कार्यपत्र प्रस्तुत गरे।

कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख सरिता माल, नागरिक समाजका अगुवा रामबहादुर पौडेल, गैरसरकारी संस्था महासंघका केन्द्रीय सदस्य बीना सिलवाल, गैरसरकारी संस्था महासङ्घ कास्कीका अध्यक्ष डा.बुद्धिबहादुर थापा, नेपाल पत्रकार महासङ्घ कास्कीका कावा अध्यक्ष माधव रेग्मी, सिर्जनशील अपाङ्ग समाज कास्कीका अध्यक्ष फणीन्द्रप्रसाद पौडेललगायतले मानव अधिकारको रक्षाका लागि स्थानीय तहले विशेष चासो दिनुपर्ने आवश्यकता औंल्याए। रासस

# विपद्पश्चात्को पुनःनिर्माण तथा पुनःस्थापना योजना स्वीकृत

रासस
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १६ औँ बैठकले पश्चिम नेपाल भूकम्प तथा २०८१ सालको मनसुनजन्य विपद्पश्चातको पुनर्निर्माण तथा पुनस्र्थापनाका लागि योजना स्वीकृत गरेको छ।

प्रधानमन्त्री एवं परिषद्का अध्यक्ष केपी शर्मा ओलीका अध्यक्षतामा आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको बैठकले क्षतिको विस्तृत यथार्थ मूल्यांकन गरी यही पुस २१ गते भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकको निर्णयको सिफारिसबमोजिम क्रियाकलापसहितको उक्त योजना स्वीकृत गरेको हो।

योजना स्वीकृतिसँगै आगामी माघ २ गतेदेखि लाभग्राहीसँग सम्झौता प्रक्रिया प्रारम्भ गरी पुनर्निर्माण थालनी हुने निश्चित भएको छ। क्षतिको विस्तृत आकलन (डीडीए) नभएका क्षेत्रमा सोही दिनदेखि डीडीएको प्रक्रिया प्रारम्भ गर्ने निर्णय भएको छ।

बैठकले योजनाबमोजिमका क्रियाकलापको कार्यान्वयनका लागि स्रोत व्यवस्थापन गर्न अर्थ मन्त्रालयलाई सम्बन्धित मन्त्रालय, प्रदेश र स्थानीय तहले आग्रह गर्ने र मन्त्रालयले सम्बन्धित निकालाई यथाशिघ्र निकासा दिने गरी प्रबन्ध गर्न निर्देशन गरेको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरणले पुनर्निर्माण र पुनस्र्थापनाका लागि सडक तथा यातायात, सरकारी भवन तथा शहरी पूर्वाधार, विद्युत् वैकल्पिक ऊर्जा र सिँचाइ, निजी आवास, शैक्षिक संरचना, स्वास्थ्य संरचना, खानेपानी सरसफाइ तथा स्वच्छता र पुरातात्विक संरचनालाई प्राथमिकताका क्षेत्रमा समावेश गरेको छ। स्रोत परिचालनका लागि अर्थ मन्त्रालयले आन्तरिक वा बाह्य स्रोत परिचालन गर्न अर्थ मन्त्रालयले अग्रसरता लिनेछ भने पुनर्निर्माण र पुनस्र्थानाका लागि प्राधिकरणको समन्वयमा साझेदार संस्थाको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको छ।

बैठकले डोटी तथा जाजरकोट केन्द्रविन्दु भई भएको भूकम्प पञ्चातको क्षति आकलन, निजी आवास पुननिर्माण तथा प्रबलीकरण प्रक्रिया प्रारम्भ गर्ने निर्णय भएको छ।

यस्तै, २०८० सालमा संखुवासभालगायत जिल्लामा बाढीजन्य विपद्मा परी बेपत्ता तथा मृत्यु भएका व्यक्तिका परिवारलाई २०८१ का असार ३१ गते मन्त्रिपरिषद्को निर्णयबमोजिम नै हुने गरी राहत उपलब्ध गराउन प्राधिकरणलाई निर्णय दिइएको छ। यसका लागि गृह मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने छ। विपद्मा परी बेपत्ता भएकाहरू १० दिनसम्म फेला नपरेका तत्कालीन समयमा विवरण संकलन भएका परिवारलाई मृतकका सरह राहत उपलब्ध गराउने निर्णय २०८१ का असार ३१ गते मन्त्रिपरिषद्को गरेको थियो।

बैठकले प्राधिकरणका लागि आवश्यक जनशक्तिको प्रबन्ध गर्ने पनि निर्णय गरेको छ। प्रधानमन्त्री ओलीले पुनर्निर्माण र पुनस्र्थापनाको प्राथमिकता र स्रोतको उपलब्धताका आधारमा बिलम्ब नगरी क्षतिको विस्तृत यथार्थ मूल्यांकन गरेर दोहोरपन नहुने गरी पुनःनिर्माण कार्यारम्भ गर्न निर्देशन दिए।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, मन्त्रीगण, विभिन्न प्रदेशका मुख्यमन्त्रीहरु, प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) का नेताका प्रतिनिधि शक्तिबहादुर बस्नेत,नेपाल सरकारका मुख्यसचिव, प्रधानसेनापतिसहित सुरक्षा निकायका प्रमुखलगायतको सहभागिता थियो।

# अनुहारमा होइन विचारमा सुन्दरताको खोजी



राजकुमार दिक्पाल

जंगबहादुरको बेलायत यात्रा वृत्तान्तमा उमेरदार युरोपेली नारीहरुको सौन्दर्यको थोरै बयान गरिएको पढ्न पाइन्छ। त्यस यात्रा वृत्तान्तमा युरोपेली युवतीहरुको नाकको अलिकति चर्चा गरिएको छ। उनीहरुको नाकलाई ‘तेलको धारा’जस्ता भनिएको छ।व्यक्तिले व्यक्तिमाथि दृष्टि दिंदा उसका आँखाहरुको मूल आकर्षणको केन्द्र अनुहार नै हुन्छ।

समकालीन दुनियाँमा मानिसको आँखा, नाक वा शारिरीक बनोट हेरेर सौन्दर्यको चर्चा गर्ने वा औसत धारणा बनाउने प्रवृत्ति उत्पात मौलाएको छ। त्यसैले अधिकतम् व्यक्तिहरुले सकेसम्म आफ्नो आवरणलाई सुन्दर बनाउन चाहन्छन्, जसका कारण आफ्नो अनुहार हेरेर अरुले आफूमाथि राम्रो धारणा बनाऊन्। तर ब्यक्तिको सौन्दर्यलाई केवल अनुहारको रुपरङमा मात्र सीमित गरिए त्यो ठूलो भ्रम हुनेछ।

अनुहारबाट मात्रै मानिसको वास्तविक पहिचान भेट्न सकिन्न। मानिसको वास्तविक सुन्दरता त उसले बोकेको विचारमा मात्र पाइन्छ। महान विद्वान अष्टबक्राले भनेकै छन्, ‘आत्मदृष्टिले हेरियो भने असुन्दर भन्ने केही पनि पाइन्न। तर चर्मदृष्टिले हेर्न थालियो भने असल भन्ने देख्न मुस्किल पर्नेछ। चर्मदृष्टिले त अज्ञानीले मात्रै हेर्छ।’

अष्टबक्राको यो भनाइलाई हामीले गहिराइमा पुगेर ध्यानदृष्टि दियौँ भने मनन् गर्न पर्ने उच्च तहको दर्शन पाउन सक्छौँ। तर अहिलेको यो अस्वस्थ होडबाजीको युगमा यस्तो दर्शन र ज्ञान सम्झाउने र सम्झनेहरुको खडेरी पर्न थालेको छ। यो सभ्य समाजको सूचक होइन।

मानिसको अनुहार मात्रै हेरेर दृष्टिकोण बनाउनु पनि चर्मदृष्टिको उपज हो। हामी भन्न सक्छौँ, मानिसको बाहिरी रुप रङ वा आवरण हेरे मात्रै निर्णयमा पुग्न थालियो भने त्यो हतारो हुनेछ। हामीले मानिसको विचारबाट मात्रै उसको सौन्दर्यको सही मूल्याङ्कन गर्न सक्छौँ।

## सुकरातको अनुहार अवलोकन

असल विचार र दर्शनको प्रवाह गर्दा समाज भाँडेको आरोप लागेको थियो महान दार्शनिक सुकरातलाई। त्यहीँ आरोपमा त्यसबेलाको आडमबरी शासकले उनलाई मृत्युदण्ड दिएको थियो। शारीरिक दृष्टिले सुकरातमा आकर्षक व्यक्तित्त्व थिएन। उनी होचो कदका थिए र हिँड्दा पनि बाङ्गो पाराले हिँड्थे। उनीको अनुहार कुरुप थियो। तर पनि उनको पछाडि लाग्ने शिष्यहरुको लर्को सानो थिएन। यसको कारण थियो, उनीबाट प्रवाहित हुने सुन्दर विचारहरुको प्रवाह।

एक दिन उनी आफ्ना शिष्यहरुलाई प्रवचन दिइरहेको बेला एक ज्योतिष उनीसम्मुख उपस्थित भए। ती ज्योतिष कसैको अनुहार हेरेकै भरमा मानिसको भविष्यवाणी गरिदिने घमण्ड गर्थे। ती ज्योतिषले सुकरातको अनुहार हेर्दै भने, ‘यो मानिसमा क्रोध नै क्रोध छ। नाक हेर्दा यस्तै लाग्छ। निधार र टाउकोको बनोट हेर्दा यो मानिस लोभी हुनुपर्छ। चिउँडो हेर्दा अत्यन्तै सनकी छ। ओठ र दाँतको आकारले भन्छ, यो मानिस देशद्रोहका लागि लालायित छ।’ यो सुनेर ती ज्योतिषलाई सुकरातले राम्रो पुरस्कार दिएर पठाउँदा उनका शिष्यहरु ठूलो आश्चार्यमा परे। आफ्ना शिष्यहरुको आश्चार्य बुझेर सुकरातले उनीहरुलाई भने, ‘ज्योतिषले भनेको सबै दुर्गुण मसँग छ। यो म स्वीकार गर्छु। तर ज्योतिषले मेरो विवेकलाई ध्यान दिएनन्। म आफ्नो विवेक शक्तिले सबै दुर्गुणमा अङ्कुश लगाउन सक्छु।’

मानिसले अनुहार हेरेर सबै कुरा थाहा पाउन सक्ने भए ती ज्योतिषले भने जस्तै सुकरात पनि अत्यन्तै खराब हुनुपर्ने हो। तर उनी त संसारको महान दार्शनिक भएर अमर बने। उनैले जन्माएका शिष्य प्लेटो अर्का महान विचारक भए भने प्लेटोको शिष्य एरिस्टोटलको विषयमा जति चर्चा गरे पनि कम हुन्छ। सुकरातको जन्म एक व्यक्तिमा मात्रै सीमित भएन, उनी त समाजको मार्गदर्शक बने।

सुकरातको समयमा उनको इश्र्या गर्ने र आफूलाई विद्वान स्वघोषणा गर्नेहरु प्रशस्तै थिए। उनीहरु आफूलाई ‘सोफिस्ट’ भन्थे। तर सुकरात चाहिँ आफूलाई फिलोसोफर भन्थे। ल्याटिन भाषामा ‘फिलो’ भनेको ज्ञान र ‘सोफर’ भनेको प्रेमी हो। विनयशील सुकरातले आफूलाई विद्वान नभनी ज्ञानको प्रेमी भन्ने गर्थे। यसबाट पनि असल चिन्तकहरुमा विनयशीलताजस्तो महानता कतिसम्म हुँदो रहेछ भन्ने थाहा पाउन सकिन्छ। हाम्रा कवि शिरोमणि लेखनाथ पौड्यालले भनेजस्तै फलेको वृक्षको हाँगो ननुहेको कहाँ छ र?

## रुप र चिन्तनको संयोजन

मिलेको अनुहार, चम्किला आँखा, आवश्यकताअनुहारको उचाई र दन्तुरुस्त शरिरको चाहना सबैलाई हुन्छ। तर सबैले त्यो अवसर पाउन सक्दैनन्। प्रचलित सौन्दर्य दृष्टिमा अनाकर्षक शारिरीक बनोट लिएर जन्मने मानिसलाई त्यो मानिसले अपहेलना गर्छ, जोसँग अष्टबक्राले भनेजस्तै आत्मदृष्टि होइन, चर्मदृष्टि मात्र हुन्छ।

हामी रुप र चिन्तनको उदाहरण दिंदा सिद्धार्थ गौतमको उदाहरण दिन सक्छौँ। उनले ज्ञान प्राप्तिको खातिर दरबारिया भौतिक सुख परित्याग गरे। त्यसबेला पुरुषहरुले पनि केश विन्यासलाई ठूलो महत्त्व दिन्थे। उनले दरबार छाडेपछि आफूले बोकेको छुरीले आफ्नो कपाल आफँै काटे। उनी कतिसम्म सुन्दर थिए भने उनलाई बत्तीस लक्षणले युक्त पुरुष मानिन्थ्यो। उनले भौतिक सुखसयल र आफ्नो सुन्दर अनुहारप्रति कुनै मोह राखेनन्। धैर्यतापूर्वक गरिएको ध्यान साधनाबाट उनले बुद्धत्त्व प्राप्त गरे। अनि उनी गौतम बुद्धको रुपमा प्रसिद्ध बने।

बुद्धत्व प्राप्त गरिसकेपछि उनले आफ्नो शिष्यहरुलाई भौतिक सुख र सौन्दर्यतिर रत्तिभर ध्यान नदिई साधनामा लाग्न प्रेरित गरिरहे। दाह«ी, जुँगा र कपाल खौरन र वस्त्रका रुपमा चिवर धारण गर्न शिष्यहरुलाई प्रेरित गरे। चिवर भनेको मसान घाटहरुमा फ्याकिएको मृतकको वस्त्रहरु हुन्। तिनीहरुलाई धोई सफा गरी, सिलाइ धारण गर्न उनले शिष्यहरुलाई प्रेरित गरिरहे। उनका शिष्यहरुले त्यसलाई अनुशरण गरे।

गौतम बुद्धकी एक दिदी (सानी आमा प्रजापति गौतमीतिरकी छोरी) थिइन्, नन्दा। उनी अत्यन्तै सुन्दरी थिइन्। उनमा आफ्नो सुन्दरताको ठूलो घमण्ड थियो। बुद्ध उनलाई शारिरीक सौन्दर्यको घमण्डबाट मुक्त गराएर भिक्षुणी बनाउन चाहन्थे। निक्कै लामो प्रयासपछि बुद्धले सौन्दर्यको घमण्डबाट मुक्त गराएर नन्दालाई भिक्षुणी बनाउन सफलता प्राप्त गरेका थिए।

गौतम बुद्धको विचारमा शारिरीक सौन्दर्य गौण हो, त्योभन्दा उत्तम त सुन्दर विचार हो। सुन्दर विचारले सुन्दर समाज निर्माण गर्छ। सुन्दर समाजका लागि उपकारी मनहरुको जमघट आवश्यक हुन्छ। उपकारी मनका लागि सुन्दर विचार चाहिन्छ। गौतम बुद्ध भन्थे, ‘तिमीले प्रत्येकपल्ट सास फेर्दा तिम्रो आयु घटिरहेको हुनेछ। त्यसैले आफ्नो प्रत्येक क्षण तिमी प्राणी जगत्को उपकारमा लगाउ।’

## नश्वर शरिर अमर विचार

संसार अनित्य छ, कुनै भौतिक वस्तु स्थायी छैन। नश्वर शरिर त एक दिन बिलाएर जान्छ। जतिसुकै सुन्दर भए पनि समय क्रमसँगै अनुहार खुम्चदै चाउरी पर्दैै जान्छ। सिधा र आकर्षक शरिर पनि कुप्रिदै जान्छ। हट्टाकट्टा सरीर समय पुगेपछि कमजोर हुँदै जान्छ। रौँहरु झर्न थाल्छन्।

अन्ततः हाम्रो भौतिक देह एक दिन माटोमा मिल्न पुग्छ।तर हामीले सुन्दर विचार राख्यौँ भने त्यो एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जान्छ। सुन्दर विचारले सुन्दर समाज निर्माणका लागि मार्गदर्शन गर्छ। त्यसैले सुन्दर निर्माणमा जुट्न सुन्दर विचार बोक्न जरुरी छ। अनुहारको सौन्दर्य र विचारको उत्कृष्टताको प्रसङ्ग कोट्याउँदा महान नाटककार तथा मानवतावादी व्यक्तित्त्व जर्ज बर्नाड शको धारणालाई पनि उदाहरणको रुपमा लिन सकिन्छ। उनको प्रतिभाबाट प्रभावित नहुने कोही थिएनन्। यस्तै प्रभावमा पर्ने हलिउडकी एक जना सुन्दरीले उनलाई विवाहको प्रस्ताव राख्दै भनिछन्,‘तिमी र म विवाह गरौँ र हामी यस्तो सन्तानलाई जन्म दिऔँ कि रुप मेरोजस्तो होस अनि बुद्धि तिम्रोजस्तो।’ यो सुनेर जर्ज बर्नाड शले ती सुन्दरीलाई उल्टै प्रश्न गरेछन्,‘हे सुन्दरी, तिम्रो कुरा त ठीकै हो, तर हामीबाट जन्मिने सन्तानमा रुप मेरोजस्तो र बुद्धि चाहिँ तिम्रोजस्तो भयो भने के गर्ने नि ?’ त्यसैले हामी पनि अनुहारमा होइन, विचारमा सुन्दरताको खोजी गरौँ। रासस

# रवि लामिछाने न्यायिक हिरासतमा



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई जिल्ला अदालत, काठमाडौंले न्यायिक हिरासतमा पठाएको छ । उनको मुद्दामा आइतबार बहस नसकिएपछि उनलाई अदालतले थुनछेक आदेश नभएसम्मका लागि न्यायिक हिरासतमा राख्न पठाइएको हो । आइतबार बिहान उनी अदालतमा हाजिर भएकोमा बयान भने सकिएको छ । न्यायाधीश माधवप्रसाद अधिकारीको इजलासमा उनको थुनछेक सुनुवाइ सुरु भएकोमा आइतबार छोटो मात्र बहस भएको छ ।

सरकारी वकिलहरूले मिसिल अध्ययन गर्न नभ्याएको भन्दै बहसका लागि समय मागेका थिए ।

सोमबार उनको मुद्दामा बहसले निरन्तरता पाउने अदालतले जनाएको छ ।

स्वर्णलक्ष्मी सहकारीको रकम गैरकानुनी रूपमा गोर्खा मिडियामा गएको र लामिछाने तत्कालीन सञ्चालक हुँदा सो रकम खर्च गर्न चेक काटेको आधारमा उनलाई समेत प्रतिवादी बनाएर मुद्दा दायर गरिएको हो ।

कास्कीमा यस्तै मुद्दामा उनलाई ६५ लाख रुपैयाँ धरौटी माग भएको थियो । काठमाडौंमा थुनछेक नसकिँदासम्म उनलाई जिल्ला प्रहरी परिसर, काठमाडौंमा राख्न लागिएको छ ।रासस

# जलवायु परिवर्तनका मुद्दा सबै मिलेर समाधान गर्नुपर्छ

**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जलवायु परिवर्तन र व्यापारमा दिगोपनाका विषय कुनै मुलुकको मात्रै नभई विश्व्यापी साझा मुद्दा भएकाले सबै मिलेर समाधान गर्नेतर्फ लाग्नुपर्ने बताएका छन् ।

विश्व व्यापार सङ्गठन र काठमाडौँ विश्वविद्यालयले आयोजना गरेको ‘दक्षिण एसियामा जलवायु परिवर्तन र व्यापारमा दिगोपना विषयक’ तेस्रो वार्षिक सम्मेलनको उद्घाटन गर्दै अर्थमन्त्री पौडेलले नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेकाले यसको असर आर्थिक, सामाजिक एवं पूर्वाधारका क्षेत्रमा देखिएको बताए ।

कम जोखिमयुक्त व्यापार पूर्वाधार विकास गर्न र उत्पादन केन्द्रको समेत विकेन्द्रीकरण गरी आपूर्ति शृङ्खलामा विविधिकरण गर्न आवश्यक रहेको उनको भनाइ थियो ।

अर्थमन्त्री पौडेलले दक्षिण एसियाली मुलुकमा जलवायु परिवर्तनले सृजना गरेको चुनौती र आगामी दिनमा लिनुपर्ने रणनीतिका विषयमा नीति निर्माता, अनुसन्धानकर्ता र निजी क्षेत्रका प्रतिनिधिबीच छलफल गरी साझा धारणा तय गर्न यस्ता सम्मेलन उपयोगी हुने स्पष्ट पारे ।

जलवायु परिवर्तनबाट नेपाललाई परेको असर र प्रभावको तुलनामा जलवायु परिवर्तनमा नेपालको भूमिका नगण्य रहेकाले नेपालले आफ्नो स्रोत र साधनले सम्भव भएसम्म जलवायु उत्सर्जन न्यूनीकरण तथा अनुकूलनका लागि गरेको प्रयास प्राथमिकताका साथ राख्नु आवश्यक रहेको उनले उल्लेख गरे ।

ठूलो लगानीमा निर्माण गरेका पूर्र्वाधारका संरचनामा बर्सेनि आउने प्राकृतिक विपत्ति बाढीपहिरो, भूकम्पका कारण हुने नोक्सानीबाट आपूर्ति शुङ्खलामा पर्ने अवरोधलाई ध्यानमा राखी जलवायुमैत्री विकास प्रक्रिया अगाडि बढाउनुपर्ने अर्थमन्त्री पौडेलले बताए ।

काठमाडौँ विश्वविद्यालयका रजिष्ट्रार डा.अच्युत वाग्लेले निजी क्षेत्रमैत्री दिगो आर्थिक विकास आवश्यक रहेकाले यसबाट भविष्यको दिगो विकासका लागि टेवा पुग्ने बताए । जलवायु परिवर्तन र विश्वव्यापी प्रवृत्ति रहेकाले दक्षिण एसियाको व्यापारलाई न्यायोचित तथा सन्तुलित तरिकारले प्रवद्र्धन गर्नुपर्नेमा जोड दिँदै उनले विश्वमा यसको असरलाई न्यूनीकरण गर्नेतर्फ लाग्नुपर्ने बताए ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव देवराज जोशीले व्यापार र जलवायु परिर्वतनका क्षेत्रमा रहेका समस्या तथा चुनौतीलाई सम्बोधन गरी दिगो व्यापारमा नेपाल अगाडि बढ्नुपर्ने बताए ।

जलवायु परिर्वतन र दिगोपनालाई लक्षित गरी स्रोतको परिचालन र व्यवस्थापनमा अगाडि बढेको उल्लेख गर्दै उनले नीति निर्माण तथा कार्ययोजनामार्फत व्यापार प्रवद्र्धन गर्न अध्ययन, अनुसन्धानले सहयोग पु¥याउने बताए । सम्मेलनमा नेपाल, भारत, बङ्गलादेश, चीन, टर्की, इन्डोनेसियालगायत नौ देशका प्रतिनिधिको सहभागिता छ ।रासस

# ‘सबै निकाय र राजनीतिक दलले सूचना हक कार्यान्वयन गर्नुपर्नेमा जोड’

**काठमाडौं ।**
सभामुख देवराज घिमिरेले सार्वजनिक निकायका साथै सबै राजनीतिक दलले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को व्यावहारिक र प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन् ।



राष्ट्रिय सूचना आयोगले आइतबार आयोजना गरेको ‘राजनीतिक दलमा सूचनाको हकसम्बन्धी कानुनको अभ्यास’ विषयक अन्तरक्रियामा सभामुख घिमिरेले सबै राजनीतिक पार्टीले लोकतन्त्रलाई बलियो बनाउन र जनताको विश्वास जित्न पारदर्शी बन्दै सो ऐनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताए ।

प्रत्येक तीन÷तीन महिनामा सार्वजजिक निकायले सरोकार भएका सबै सूचना अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने तथा कार्यालयमा रहेका सूचना प्रवाह गर्न सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ ले ‘प्रत्येक सावर्जनिक निकायले आमनागरिकको सूचना पाउने मौलिक हकको सम्मान गर्दै सूचना प्रवाह गर्नु पर्दछ’, भनेको छ ।

सभामुख घिमिरेले लोकतान्त्रिक संसदीय प्रणालीभित्र राजनीतिक दलहरूको भूमिका सबैभन्दा माथि रहने भन्दै दलहरू पारदर्शी, वस्तुनिष्ठ र जनताकेन्द्रित हुनुपर्ने जिकिर गरे । संसदीय प्रणालीभित्र दलहरूको भूमिका प्रमुख हुने बताउँदै संसदीय प्रणालीलाई बलियो बनाउन सूचनाको हकलाई सबैले प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा सभामुखको जोड छ ।

नेपाली कांग्रेसका सहमहामन्त्री भीष्मराज आङ्देम्बेले कांग्रेसले लोकतान्त्रिक सिद्धान्तलाई पालना गर्दै सूचनाको हकसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्दै आएको बताए ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले सूचनाको हकसम्बन्धी ऐन र संवैधानिक व्यवस्थालाई पूर्ण रूपमा कार्यान्वयन गर्दै आफ्नो पार्टीले पारदर्शी ढङ्गबाट जनतालाई हरेक सूचना प्रवाह गरिरहेको दाबी गरे ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उपाध्यक्ष अग्निप्रसाद सापकोटाले लोकतन्त्रको आधार पारदर्शीता र सूचनाको हक रहेकाले यसलाई व्यावहारिक रूपमा सबै निकायले कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । रासस

# ‘महिलालाई आत्मनिर्भर बनाउन सहकारीको भूमिका महत्वपूर्ण’



**कीर्तिपुर ।**
कृषि तथा पशुपन्क्षी विकासमन्त्री रामनाथ अधिकारीले महिलालाई आत्मनिर्भर बनाउन सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको धारणा व्यक्त गरेका छन् ।

डिजिटल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडद्वारा स्थापित परम्परागत फलफूलजन्य उत्पादन उद्योग ‘डिजिटल हिमालयन स्वीट्स एण्ड ट्रिट्स’को यहाँ उद्घाटन गर्दै उनले गरिबी निवारण र महिलालाई आत्मनिर्भर बनाउन सहकारीको भूमिका महत्वपूर्ण रहेको बताए ।

उनले महिला नेतृत्व भएका सहकारी संस्थामा तुलनात्मक रुपमा कम समस्या देखिएको समेत उल्लेख गरे । स्थानीय स्तरमा सञ्चालित सहकारीले महिलालाई आत्मनिर्भर बनाउँदै श्रीमानको भरपर्नुपर्ने अवस्था कम भएको आफूले पाएको उनको भनाइ थियो ।रासस

# म्याग्दीका आयोजनालाई प्राथमिकता दिने सभापति देउवाको प्रतिबद्धता

**म्याग्दी ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले म्याग्दीका विकास आयोजनालाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरेका छन् । नेपाली कांग्रेस म्याग्दीले आइतबार बेनीमा आयोजना गरेको कार्यकर्ता भेटभाटका क्रममा देउवाले जिल्लाको सडक, नदी नियन्त्रण, स्वास्थ्य पूर्वाधार, धार्मिक पर्यटकीयस्थलको विकासमा पार्टीको साथ रहेको र प्रधानमन्त्री केपी शर्मा ओलीसँग समन्वय गर्ने प्रतिबद्धता जनाए ।




सभापति देउवासमक्ष कांग्रेस म्याग्दीका सभापति तथा प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजाले जिल्लाका प्राथमिकता प्राप्त आयोजनाका लागि बजेट व्यवस्थापन गरिदिने सम्बन्धमा मागपत्र बुझाएका थिए । मागपत्र बुझ्दै सभापति देउवाले प्रधानमन्त्री र मन्त्रीहरूसँग छलफल गरी योजना कार्यान्वयनका लागि पहल गर्ने प्रतिबद्धता जनाएका हुन् ।

मागपत्रमा बेनी–दरवाङ–मुना–ढोरपाटन सडकलाई मध्यपहाडी लोकमार्गको बागलुङखण्डको विकल्प बनाउन स्तरोन्नति गर्नुपर्ने, बेनी–दरवाङ सडकको फापरखेतको पहिरोको विकल्पमा बेलिब्रिज जडान गर्नुपर्ने, बेनी बजारमा कटान नियन्त्रण आयोजना, बेनी–पाखापानी–मल्कवाङ चक्रीय सडक, पोखरेबगर–घोडेपानी–कास्कीलाई सडकले जोड्न, बृहत् चिमखोला पिप्ले भगवती खानेपानी आयोजना र अन्नपूर्ण आधार शिविर जोड्ने पदमार्गमा पूर्वाधार निर्माणको विषय समावेश गरिएको थियो ।

रघुगंगा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले राखुको गुठी जग्गासम्बन्धी समस्या समाधानका लागि सभापति देउवाको ध्यानाकर्षण गराए । नेपाली कांग्रेस म्याग्दीका उपसभापति कर्णबहादुर भण्डारी र पूर्वसभापति तथा संविधानसभा सदस्य रेशमबहादुर बानियाँले पार्टीको गतिविधि र जिल्लाको अवस्थाबारे जानकारी गराएका थिए ।

त्यस अवसरमा देउवाले बेनी अस्पतालको निर्माणाधीन ५० शय्या क्षमताको भवनको पनि निरीक्षण गरेका थिए । ०७४ मा सुरु भएको भवन निर्माणले पूर्णता नपाउँदा बेनी अस्पतालको सेवा प्रभावकारी हुन सकेको छैन ।रासस

# कोशी प्रदेशसभाको हिउँदे अधिवेशन माघ ७ देखि




**मोरङ ।**
कोशी प्रदेशसभाको हिउँदे अधिवेशन माघ ७ गतेका लागि आह्वान हुने भएको छ ।

प्रदेश सरकार मन्त्रिपरिषद् बैठकले माघ ७ गते दिउँसो २ बजेका लागि अधिवेशन आह्वानका लागि सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं आन्तरिक मामिला कानुनमन्त्री रेवतीरमण भण्डारीले जानकारी दिए ।

‘आजको मन्त्रिपरिषद् बैठकले आगामी माघ ७ गते दिउँसो २ बजे प्रदेशसभाको छैँटौ हिउँदे अधिवेशन आह्वानका लागि प्रदेश प्रमुख परशुराम खापुङ्ग समक्ष सिफारिस गर्ने निर्णय गरेको छ,’ उनले भने ।

यस्तै, बैठकले प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयबाट प्राप्त भएको भवन ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक सरकारको कानुन प्रदेश मामिला समितिमा अध्ययन छलफलका लागि पठाउने निर्णय गरेको उनले बताए । रासस

# राष्ट्रपतिसमक्ष महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष महान्यायाधिवक्ताको कार्यालयको आर्थिक वर्ष २०८०÷८१ को प्रतिवेदन पेस गरिएको छ ।

राष्ट्रपति भवन शीतल निवासमा आइतबार आयोजित कार्यक्रममा महान्यायाधिवक्ता रमेश बडालले राष्ट्रपति पौडेल समक्ष सो प्रतिवेदन पेस गरेका हुन् । सो अवसरमा राष्ट्रपति पौडेलले सरकारी मुद्दाको अनुसन्धान, अभियोजन, बहस, पैरवी र प्रतिरक्षालगायतका काम अझ वैज्ञानिक, प्रभावकारी र तथ्यपरक हुनुपर्ने एवं मुद्दाको सफलताको प्रतिशत अझ बढाउन सकेमा कानुनी शासनको बढोत्तरी तथा खासगरी फौजदारी न्याय प्रशासन प्रभावकारी हुने बताए ।

‘मुद्दाको सफलताको प्रतिशत बढाउने मात्रै भन्दा पनि पीडितले न्याय पाए नपाएको वा पीडितमैत्री भए नभएको विषय महत्वपूर्ण हुन्छ भन्ने म ठान्दछु,’ राष्ट्रपति पौडेलले भने, ’त्यसैले कसुरदारलाई सजाय दिनेतर्फ मात्रै होइन पीडितले क्षतिपूर्तिसहितको न्याय पाउने विषयको सुनिश्चितता प्रदान गर्ने विषयसमेत महान्यायाधिवक्ताको जिम्मवारी हो ।’

उनले नेपालको संविधानको मौलिक हकमा अपराधपीडितको हक सुनिश्चित गरेका सन्दर्भमा त्यस्तो हकको रक्षाका लागि संविधानको प्रभावकारी कार्यान्वयन भए नभएको तर्फ पनि महान्यायाधिवक्तको कार्यालयले विशेष ध्यान दिनेमा विश्वास व्यक्त गरे । सो अवसरमा महान्यायाधिवक्त बडालले प्रतिवेदनको सारसंक्षेप प्रस्तुत गरेका थिए ।रासस

# पाँच वर्षमा एक खर्ब सात अर्ब ६६ करोड बढी कृषि अनुदान वितरण



**काठमाडौं ।**
कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले मन्त्रालयले पछिल्लो पाँच वर्षमा एक खर्ब सात अर्ब ६६ करोड २७ लाख ८९ हजार रुपैयाँ अनुदान प्रवाह गरेको बताएका छन् ।

आइतबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उहाँले आर्थिक वर्ष २०७६/७७ देखि २०८०÷८१ सम्म मन्त्रालयबाट अनुदान लिने कृषि सहकारी, कृषि समूह तथा कृषि फार्महरूका नाम पनि सार्वजनिक गरे । मन्त्री अधिकारीले कृषि सहकारी समूहले २० अर्ब ३० करोड ३० लाख १४ हजार रुपैयाँ अनुदान लिएको जानकारी दिए । यसरी राज्य कोषबाट दिइएको अनुदान दुरुपयोग गरेको भेटिए कारबाहीको दायरामा ल्याइने मन्त्री अधिकारीले प्रतिबद्धता व्यक्त गरे ।

यस अवधिमा मन्त्रालयबाट प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई प्रकारका अनुदान प्रवाह भएका छन् । त्यसमध्ये प्रत्यक्षतर्फ यस मन्त्रालयअन्तर्गत सञ्चालित स्वदेशी तथा विदेशी लगानीमा सञ्चालित परियोजनामार्फत कृषि सहकारी, कृषि समूह तथा कृषि फार्मलाई २० अर्ब ३० करोड ३० लाख १४ हजार रुपैयाँ वितरण गरिएको छ । अप्रत्यक्षतर्फ रासायनिक मलका लागि रु ८७ अर्ब ३५ करोड ९७ लाख ७३ हजार अनुदान वितरण भएको मन्त्री अधिकारीले जानकारी दिए ।

उनले यसरी दिइएको अनुदानको प्रयोगबारे खोज्न र जान्न आमनागरिक र सञ्चारमाध्यमलाई आग्रह गरे । 'मन्त्रालयबाट वितरण गरिएको अनुदानको अवस्था के कस्तो छ भनेर अध्ययनका लागि हामीले समिति नै गठन गरेर काम सुरु गरिसकेका छौं', मन्त्री अधिकारीले भने, 'कृषि अनुदान लगेर दुरुपयोग गरिएको छ भने कारबाही हुन्छ र हुनुपर्दछ । त्यसमा सबैको साथ र सहयोगको अपेक्षा गरेको छु ।'

उनले लोकतान्त्रिक शासन व्यवस्था देश र जनताप्रति उत्तरदायी तथा जवाफदेही हुने भएकाले जनतालाई आशा जगाउने गरी काम गर्नुपर्नेमा जोड दिए ।

'पारदर्शिताले मात्र यो शासन व्यवस्था र सरकारप्रति जनताको विश्वास तथा भरोसा जागृत हुने भएकाले प्रदेश र स्थानीय सरकारलाई पनि कृषि अनुदान लिने सङ्घ/संस्था, सहकारी र व्यक्तिको नाम सार्वजनिक गर्न अपिल गर्दछु', कृषिमन्त्री अधिकारीले भने ।

कार्यक्रममा मन्त्रालयका कृषि विकास सचिव डा गोविन्दप्रसाद शर्मा, सहसचिवहरू हरिबहादुर केसी, डा मतिना वैद्य जोशीलगायतले अनुदानबापत वितरण गरिएको रकम दुरुपयोग गरिएको भेटिए कानुनअनुसार कारबाही गरिने प्रतिबद्धता जनाएका थिए । रासस

# बागमती गोल्डकप फुटबल फागुनमा

**मकवानपुर ।**
सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता आगामी फागुनमा हुने भएको छ । उक्त प्रतियोगिता बागमती गाउँपालिकामा निर्मित सहिद स्मृति रङ्गशालामा सञ्चालन हुनेछ ।

बागमती गाउँपालिका खेलकुद विकास समितिले आइतबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा सो प्रतियोगिता फागुन १ गतेदेखि १० गतेसम्म बागमती–४ झुरझुरेस्थित रङ्गशालामा हुने जानकारी दिए । यस अघि उक्त प्रतियोगिता जनता मावि फापरबारीको खेल मैदानमा हुँदै आएको थियो । प्रतियोगितामा पहिलो हुने टोलीले १० लाख रुपैयाँ र दोस्रो हुनेले पाँच लाख रुपैयाँ सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने बागमती गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष रहरसिंह थिङले जानकारी दिए ।

प्रतियोगितामा 'ए' डिभिजनका सात र मोफसलका तीन टोली सहभागी हुने छन् । प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई एक लाख एक हजार रुपैयाँ तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार रुपैयाँ, प्रत्येक खेलका म्यान अफ दी म्याचलाई १० हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ । फुटबल खेलको प्रवद्र्धनका लागि पालिकाले निकट भविष्यमा फुटबल एकेडेमी सञ्चालन गर्ने योजना बनाएको बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानले जानकारी दिए । यसअघि छैटौँ संस्करणको उपाधि मछेन्द्र युथ क्लब काठमाडौंले जितेको थियो । प्रतियोगिता सञ्चालन गर्न गाउँपालिकाले ३० लाख रुपैयाँ सहयोग गरेको छ । रासस

# नेप्से परिसूचक २५ अंकले घट्यो



**काठमाडौँ ।**
यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक घटेको छ । आइतबार नेप्से परिसूचक २५.४१ अंकले घटेर दुई हजार ६०९.६७ विन्दुमा कायम भएको हो ।

आइतबार ३०१ कम्पनीको ८० लाख ८१ हजार ६३१ कित्ता सेयर ४६ हजार ६१४ पटक खरिदबिक्री हुँदा कारोबार रकम तीन अर्ब ९९ करोड ७९ लाख नौ हजार ३२३ रुपैयाँमा खुम्चिएको छ । सबै समूहको उपसूचक घटेको छ ।

सबैभन्दा बढी वित्त समूह ३.६० र विकास बैंक समूह १.६० प्रतिशतले घटेको छ । बैंकिङ ०.८६, होटेल तथा पर्यटन ०.७७, जलविद्युत् १.४४, लगानी ०.३९ र जीवन बिमा समूह ०.१२ प्रतिशतले घटेको छ ।

उत्पादन तथा प्रशोधन १.३६, लघुवित्त ०.८७, म्युचुअल फन्ड ०.४२, निर्जीवन बिमा ०.७३, व्यापार ०.१० र अन्य समूह ०.६० प्रतिशतले घटेको छ । आजको कारोबारमा विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने न्यादी हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु. २० करोड ४१ लाख ५३ हजार आठ सय ७२ को कारोबार भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा बढी सिँगटी हाइड्रोइनर्जी लिमिटेडको ६ लाख ३६ हजार ८०४ कित्ता सेयर किनबेच भएको छ । रासस

# प्राकृतिक स्रोतको सलामी रकमः प्रदेश र स्थानीय तहको हिस्सा बढाउने तयारी

**काठमाडौँ ।**
प्राकृतिक स्रोतको सलामी रकम (रोयल्टी) बापतको राजस्व बाँडफाँडमा प्रदेश र स्थानीय तहको हिस्सा बढाउने तयारी थालिएको छ । राष्ट्रिय प्राकृतिक तथा वित्त आयोगले 'प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँडको विद्यमान संरचनाको पुनरावलोकनसम्बन्धी अध्ययन प्रतिवेदन' सार्वजनिक गर्दै रोयल्टी बाँडफाँडसम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकनको तयारी भइरहेको जनाएको हो । आयोगले प्रतिवेदन सार्वजनिक गर्दै त्यसमाथि सुझाव मागेको छ ।

'विद्यमान कानुनमा तहगत सरकारबीच रोयल्टी बाँडफाँडको अनुपात सबै प्राकृतिक स्रोतका लागि समान रहेकामा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम संघीय, प्रदेश र स्थानीय सरकारबाट बाँडफाँड गरिने प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा क्रमशः ५०:२५:२५ रहेको छ । अर्थात् अहिले प्राकृतिक स्रोतबाट प्राप्त राजस्वको बाँडफाँड गर्दा संघीय सरकारले ५० प्रतिशत र प्रदेश तथा स्थानीय सरकारले समान २५ प्रतिशत राजस्व पाउँछन् ।

त्यसैगरी विद्यमान कानुनमा तहगत सरकारबीच रोयल्टी बाँडफाँडको अनुपात सबै प्राकृतिक स्रोतका लागि समान रहेकामा अहिले संशोधन गरेर फरक–फरक बनाउन लागिएको छ । प्रतिवेदनद्वारा प्रस्तावित नयाँ व्यवस्थानुसार पर्वतारोहणको रोयल्टी संघीय सरकारलाई ४९ प्रतिशत, सम्बन्धित प्रदेशलाई २२.५ प्रतिशत र सम्बन्धित स्थानीय तहलाई २८.५ प्रतिशत पुर्‍याउन लागिएको छ । त्यसैगरी विद्युत्को रोयल्टी संघीय सरकारलाई ४५.५, सम्बन्धित प्रदेशलाई २३ र स्थानीय तहलाई ३१.५ प्रतिशत बाँडफाँड गर्ने प्रस्ताव गरिएको छ । राष्ट्रिय वनबाट संकलन हुने रोयल्टी संघीय सरकारलाई २२.५, प्रदेशलाई ४८ र स्थानीय तहलाई २९.९ प्रतिशत बाँडफाँड गर्ने प्रस्ताव गरिएको छ ।

संरक्षित क्षेत्रको रोयल्टी संघीय सरकारलाई ४७.५, प्रदेशलाई २२ र स्थानीय तहलाई ३०.५ प्रतिशत उपलब्ध गराउने व्यवस्था गर्न उचित हुने प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी खानी तथा खनिजजन्य वस्तुबाट संकलित रोयल्टी संघीय सरकारलाई ३८.५, प्रदेशलाई २८ र स्थानीय तहलाई ३३.५ प्रतिशत उपलब्ध गराउने प्रस्ताव गरिएको छ ।

रेडियो फ्रिक्वेन्सी वितरणमार्फत प्राप्त हुने राजस्वमा भने संघीय सरकारको अधिकार बढाउने प्रस्ताव गरिएको छ । रेडियो फ्रिक्वेन्सीबाट संकलित राजस्व संघीय सरकारलाई ५५.५, प्रदेशलाई २० र सम्बन्धित स्थानीय तहलाई २४.५ प्रतिशत पु¥याउन सकिने प्रतिवेदनमा उल्लेख छ ।

प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी सम्बन्धित प्रदेश र स्थानीय तहमा बाँडफाँडका लागि आयोगले सरकारलाई सिफारिस गर्दै आएको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले रोयल्टी बाँडफाँडको अनुपातलाई आयोगले हरेक पाँच वर्षमा पुनरावलोकन गर्ने र सरकारलाई सिफारिस गर्ने व्यवस्था गरेको छ । रासस

# इन्डोनेसियाले अन्तर्राष्ट्रिय कार्बन व्यापार शुरु गर्ने

**जकार्ता ।**
इन्डोनेसियाली सरकारले जनवरी २० मा आफ्नो पहिलो विदेशी कार्बन व्यापार शुरु गर्ने तयारी गरेको देशको वन तथा वातावरण मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले विदेशी कार्बन व्यापार इन्डोनेसियाली कार्बन एक्सचेन्ज मार्फत गरिने जनाएको छ । जलवायु लक्ष्यहरू प्राप्त गर्न इन्डोनेसियाको प्रयासहरूको भागको रूपमा धेरै रणनीतिक ऊर्जा परियोजनाहरू समावेश हुने एक विज्ञप्तिमार्फत जानकारी गराएको छ ।

वन तथा वातावरण मन्त्री हनिफ फैसोल नुरोफिकले राष्ट्रिय रजिस्ट्री प्रणालीलाई अप्टिमाइजेसनका साथै पूर्वाधार र अन्य उपकरणको तयारी गरी प्रक्षेपण गरिने बताए ।

मन्त्रीले राष्ट्रिय निर्धारित योगदान कागजातमा उल्लेख गरिए अनुसार इन्डोनेसियाको जलवायु लक्ष्यहरू पूरा गर्ने उद्देश्यले कार्बन व्यापार गर्ने कुरा सुनिश्चित गरे ।

इन्डोनेसियाले आफ्नो प्रयासबाट ३१.८९ प्रतिशतले उत्सर्जन घटाउने र सन् २०३० सम्ममा अन्तर्राष्ट्रिय सहयोगमा ४३.२० प्रतिशतले कार्बन उत्सर्जन घटाउने लक्ष्य राखेको छ । रासस

# आठ करोडको लगानीमा पर्वतमा चुत्रो प्रशोधन उद्योग सञ्चालन

**पर्वत ।**
चुत्रो प्रशोधन गरी आयुर्वेदिकऔषधि बनाउन पर्वतमा चुत्रो प्रशोधन उद्योग सञ्चालनमा ल्याइएको छ । चिनियाँ लगानीकर्ताको झन्डै आठ करोड रुपैयाँको लगानीमा कुश्मा नगरपालिका–५ स्थित जलकेनीमा रहेको कालीण्डकी नदी किनारमा 'एसडीएसडी' उद्योग सञ्चालन गरिएको हो ।

दैनिक २० टन जडीबुटी प्रशोधन क्षमता रहेको प्रशोधन केन्द्र गत सातादेखि सञ्चालनमा आएको छ । चीनको छिफु वायोटेक्नोलोजी प्रालिले चुत्रो प्रशोधन केन्द्र स्थापना गरेको कम्पनीका प्रतिनिधि दीपेन्द्रबहादुर भण्डारीले जानकारी दिए ।

पर्वतलगायत आसपासका जिल्लामा प्रशस्त मात्रामा पाइने गैरकाष्ठ वन पैदावारअन्तर्गत पर्ने चुत्रो संकलन गरेर यहाँ प्रशोधन गरिने भएको छ । चुत्रो पर्वत, म्याग्दी, बागलुङ, कास्की, लमजुङ, स्याङ्जालगायत जिल्लामा प्रशस्त पाइन्छ ।

चुत्रोको जरा, हाँगा र डाँठलाई प्रशोधन गरी आयुर्वेदिक औषधिको कच्चा पदार्थ तयार गरिने भएको हो । यहाँ उत्पादित धुलो चीन पठाएर औषधिजन्य पदार्थमा मिश्रण गरी 'पेनकिलर', 'सुगर' रोग लगायतका औषधि बनाइने बताइएको छ ।



चुत्रोको कच्चा पदार्थलाई खनेको र काटेको एक हप्ताभित्र नसुक्दै हरियो अवस्थामै उद्योगसम्म ल्याउनुपर्दछ । यसका लागि कम्पनीले प्रतिकिलो २० रुपैयाँका दरले मूल्य निर्धाणरण गरी किसानसँग चुत्रोको कच्चा पदार्थ र प्रतिकेजी आठ रुपैयाँका दरले गुर्जो गानो खरिद गर्ने जनाएको छ ।

प्रशोधन गरिने चुत्रोको माटोभन्दा माथि हुने काठको गोलाइ साँढे दुई इन्चभन्दा माथि जति पनि ल्याउन सकिने उद्योगले जनाएको छ ।

छिफु कम्पनीका व्यवस्थापक तथा सूचना अधिकारी हरिकुमार श्रेष्ठका अनुसार प्रशोधन केन्द्रले यही औषधि तयार गर्ने नभई कच्चा पदार्थमात्र तयार गर्ने भएको हो । यहाँ कामै नलाग्ने काँडे झाडीका रूपमा लिइएको पदार्थलाई बिक्री गरेर किसानले समेत प्रशस्त आम्दानी गर्ने श्रेष्ठले बताए ।

उद्योगसम्म ल्याएको जरा र डाँठलाई नुन, पानी र 'सल्फिड एसिड'मा कच्चा पदार्थमा केही दिन मिश्रण गराएर भिजाएर, निकालेर र सुकाएपछि धूलो बनाएर प्याक गरी निकासी गरिन्छ । सुरुमा प्रशोधन केन्द्र सञ्चालनका लागि उद्योग विभागबाट स्वीकृत भएका ३० जना कामदार भर्ति गरिने भएको छ ।

कम्पनीले पहिलोपटक एक हजार दुई सय सय केजी चुत्रोको कच्चा पदार्थ प्रशोधन गरी परीक्षण गरिसकेको जानकारी दिएको छ । सूचना अधिकारी श्रेष्ठले पर्वतमा सञ्चालनमा आएको यो खालको प्रशोधन कम्पनी सम्भवत नेपालमै पहिलो भएको हो ।

डिभिजन वन कार्यालयका सहायक वन अधिकृत रामबहादुर विकले गैरकाष्ठ वनपैदावरअन्तर्गत पर्ने चुत्रो वनस्पतिलाई व्यक्ति र सामुदायिक वन समूहले बिक्री गरेर आम्दानी गर्न सकेमा धेरै राम्रो हुने बताए । पर्वतमा चुत्रो समुद्री सतहबाट एक हजार मिटर उचाइदेखि तीन हजार मिटर उचाइसम्म पाइने गरेको उनको भनाइ छ । बाँझो बन्दै गएका व्यक्तिगत खरबारी, पाखो यत्रतत्र पाइने चुत्रो जातको वनस्पति सामुदायिक वनमा त्यत्तिकै खेर गइरहेको अवस्थामा उद्योग सञ्चालन भएपछि किसान तथा सामुदायिक वनले समेत लाभ लिन सक्ने उनको भनाइ छ ।

नेपालमा अहिलेसम्म चुत्रोबारे उल्लेख नभएको हुँदा खरिद बिक्रीका लागि पुर्जी जारी गर्नसमेत नपर्ने उनले बताए । चुत्रो वनस्पतिबारे जिल्लामा आधिकारिक अध्ययन, अनुसन्धान र खोजी हुन नसकेको उनको भनाइ छ ।

जिल्लामै चुत्रो प्रशोधन उद्योग सञ्चालनमा आएपछि ग्रामीण क्षेत्रका नागरिक बाँझो रहेका खेतबारी र पाखो तथा जङ्गल आसपासमा चुत्रको व्यावसायिक खेती गर्ने योजना बनाउन थालेका छन् । रासस

# पुनःनगदेबालीको पहिचान बनाउँदै उखुखेती

सिङ्गबहादुर थापा

उखु बेचेको हप्ता दिनभित्रै भुक्तानी पाउँदा सर्लाहीको बागमती नगरपालिका–१, मिलनचोक निवासी रामहरी पाण्डेलाई शुरूमा त पत्याउनै मुस्किल भयो । विगतमा वर्षौंसम्म चिनी उद्योगले भुक्तानी नगर्दा हैरानी खेप्दै आएका उनीजस्ता किसानले यसपटक समयमै भुक्तानी पाएका छन्।

विगतमा राज्यले समयमा उखुको समर्थन मूल्य नतोक्ने र उद्योगीले वर्षौंसम्म पनि भुक्तानी नदिने समस्याबाट किसान हैरान हुनु परिरहेको थियो। तर, यस वर्ष उखु क्रसिङ पहिला नै समर्थन मूल्य तय भएको र उद्योगीले पनि उखु बेचेको हप्ता दिनभित्रै भुक्तानी दिन थालेपछि किसानलाई उखुखेती फेरि नगदेबाली हो भन्ने लाग्न थालेको पाण्डेले बताए।

पाण्डेले यस वर्ष चार बिघामा उखु लगाएका छन्। पहिलोपल्ट उनले गत मंसिर २७ गते उद्योगमा उखु बेचेका थिए। इन्दुशंकर चिनी उद्योगको मिलगेट क्षेत्रका उखु किसान पाण्डेले हप्ता दिनमै बैंकमा पैसा जम्मा भएको घण्टी बजेपछि खुशीले गद्गद् भए । 'अब बल्ल उखु नगदेबाली हो भन्ने लागेको छ,' उनले भने, 'किनकि यो वर्ष उखुको पैसा हाताहाती जस्तै आइरहेको छ।'

शुरूमा उखुखेती गर्दा मूल्य र भुक्तानी के हुने हो भन्ने चिन्ताले पाण्डेलाई नसताएको होइन। तर, यस वर्ष उखु बिक्री गरेर समयमै भुक्तानी पाएपछि उखुखेतीप्रति आकर्षण बढेको पाण्डेले सुनाए। उखुको समर्थन मूल्यमा राज्यले किसानको लगानी र चिनीको मूल्यलाई आधार बनाएर तोक्ने र उद्योगले किसानको भुक्तानी व्यवस्थित गर्ने हो भने किसान उत्साहित भएर उखुखेती गर्न तयार रहेको उनी बताउँछन्।

हरिवन नगरपालिका–३, का गोपी तिमल्सिनाको पनि अनुभव उस्तै छ । विगत वर्ष झैँ अब किसानले गुलियो उखु लगाएर अमिलो अनुभव गर्न नपरोस् भन्ने उनको कामना छ । हरिवनको इन्दुशंकर चिनी उद्योगमा उखु बेचेको पैसा हप्ता दिनमा आफ्नो खातामा आएको उनले बताए । राज्यलेसमेत अनुदानबापतको रकम किसानको खातामा जम्मा गरिदिनुपर्ने उनको धारणा छ।

'समयमै भुक्तानी गर्नुपर्छ, अनि मात्र फेरि उखु नगदेबाली बन्छ। किसान पनि खेती गर्न उत्साहित हुन्छन्' उनले भने। यस वर्षबाट हप्ता दिनमै किसानको खातामा पैसा जम्मा गर्न थालेपछि किसान उत्साहित बनेका हुन्। उद्योगले यस वर्ष ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको उद्योगका महाप्रबन्धक योगनारायण रजकले जानकारी दिए । किसानसँग एक महिनाभित्र भुक्तानीको सहमति भए पनि उद्योगले एक हप्ताभित्रै भुक्तानी गरिरहेको उनको भनाइ छ।



महाप्रबन्धक रजकका अनुसार उद्योगले पुस २० गतेसम्म किसानबाट ६ लाख १७ हजार २०० क्विन्टल उखु खरिद गरी क्रसिङ गरिएकामा यही पुस १७ गतेसम्मको उखुको २८ करोड रुपैयाँ भुक्तानी गरिसकेको छ। मंसिर २७ देखि सञ्चालनमा आएको उद्योगले यो तेस्रो पटक किसानको खातामा रकम जम्मा गरेको हो । उद्योगले उखु उत्पादन बढाउनका लागि उन्नत जातको बीउ, मल, विषादीको प्रयोगको साथै तालिम, गोष्ठी तथा किसानलाई प्राविधिक सेवासमेत अभियानकै रूपमा प्रदान गरिरहेको उद्योगका प्रशासकीय अधिकृत ठाकुर नेपालले बताए।



किसान खुशी पारेर उखु तान्नसमेत उद्योगले भुक्तानी छिटोछिटो गरिरहेका नेपाल उखु उत्पादक महासंघका केन्द्रीय अध्यक्ष कपिलमुनि मैनालीको भनाइ छ । जिल्लामा सञ्चालनमा रहेकामध्ये बगदहमा रहेको महालक्ष्मी चिनी उद्योगले र धन्कौलमा रहेको अन्नपूर्ण चिनी उद्योगले भने विगतका वर्षमासमयमै भुक्तानी नगरेको किसानको भनाइ छ । रामनगर गाउँपालिका–४ का नितिन रायले अन्नपूर्ण चिनी उद्योगका पुराना सञ्चालकसँग आफ्नो फसल बेचेको पैसा लिन निकै संघर्ष गर्नुपरेको सुनाए।



यस उद्योगका नयाँ व्यवस्थापनले भने यस वर्षबाट उखुको भुक्तानी व्यवस्थित गरेको दाबी गरिरहेका छन्। गत मंसिर ६ गतेदेखि क्रसिङ शुरू गरेको यस उद्योगले पुसको पहिलो हप्तासम्मको भुक्तानी किसानको खातामा पठाइसकेको जनाएको छ।

विगतको वर्षमा उखु दिएको वर्षौंसम्म पैसा नपाएका किसानले यसवर्ष भने उखु बेचेको १५÷१५ दिनमा पैसा खातामा जम्मा भएको भन्दै खुशी व्यक्त गरेका छन्। धन्कौल–५ निवासी वीरेन्द्र महतोले उखु बेचेको १४ दिनमा दिन पैसा पाएको बताए । 'हामीले सधैँ उधारोमा उखु उद्योगलाई दिँदै आएका थियौँ,' उनले भने, 'हामीसँग अरू विकल्प पनि थिएन। तर यस वर्ष पैसा पनि आइरहेको छ ।' अब पहिलेको जस्तो उखु बेचेको पैसा माग्न पुस÷माघको ठन्डीमा काठमाडौँ जान नपरोस् भन्ने उनको पनि कामना छ।

१५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको यस उद्योगले पनि हालसम्म चार लाख ५० हजार क्विन्टल उखु क्रसिङ गरिसकेको जनाएको छ । राज्यले तय गरेको समर्थन मूल्य ५८५ रुपैयाँ प्रतिक्विन्टलको दरले ११ करोड रकम भुक्तानी गरेको उद्योग सञ्चालक शैलेन्द्र गुप्ताले जानकारी दिए।

स्थानीय जनप्रतिनिधि र राजनैतिक दलका नेताहरूले उद्योगसँग मिलेर अन्नपूर्ण र महालक्ष्मी चिनी उद्योगमा उखु बेच्न किसानलाई जबरजस्ती बाध्य पारेको किसानको गुनासो छ । स्थानीयस्तरमा भएका उद्योगबाट किसानले लाभ लिन सक्ने र यस उद्योग जोगिए स्थानीय रोजगारीदेखि औद्योगिक विकासमा टेवा पुग्ने जनप्रतिनिधिको भनाइ छ । उद्योगले किसानको भुक्तानीमा आनाकानी गरे आफूहरू किसानको पक्षमा रहेको बलरा नगरपालिकाका मेयर रामाशंकरप्रसाद कुशवाहाले बताए।

गोडैतामा रहेको महालक्ष्मी चिनी उद्योग पनि किसानलाई नियमित भुक्तानी दिएर किसान फकाउन लागिपरेको छ । विगतमा किसानसँग बिग्रिएको सम्बन्ध समेत सुधार गर्ने योजनासहित यस वर्ष उखुको भुक्तानी प्रत्येक १५ दिनमा किसानहरूको खातामा पठाइरहेको उद्योगले जनाएको छ। यस उद्योगमा उखु बेचेका गोडैता नगरपालिका–५ का उखु किसान रामविनय महतोले उखुको भुक्तानी पाएको बताए।

हालसम्म २०० क्विन्टल उखु बेचेका उनको खातामा १५० क्विन्टल उखुको पैसा जम्मा भइसकेको छ। 'यसपटक विगत वर्षमा जस्तो उखुको भुक्तानी माग्न पटक–पटक उद्योगी र कर्मचारी खोज्दै उद्योग धाउन परेन,' उनले भने। 'पहिला उखु दियो पैसा माग्न धाउनुपर्थ्यो,' उनले भने, 'यसपटक १५ दिन पहिला नै उखुको पैसा खातामा आइसकेको छ।'

विष्णु गाउँपालिका–७, का सिकिन्दर मण्डलले अघिल्लो वर्ष उखु उधारोमा मिललाई दिएर साहुसँग ऋण गरेर परिवारको पालनपोषण गरेको तीतो यथार्थ पोखे। 'उखु बेचेर पनि समयमै भुक्तानी नपाउँदा ऋणमा डुब्नुपर्ने अवस्था थियो,' उनले भने, 'त्यसैकारण मैले धेरै उखु हटाएर अन्य बाली पनि लगाएँ। तर, खोला र जंगल नजिकका खेतमा जंगली जनावर र वर्षाको भलले अन्य बाली पनि राम्रो भएन। अब उखु नै लगाउने निधो गरेँ।'

मंसिर १२ गतेदेखि सञ्चालनमा आएको यस उद्योगले पनि यस वर्ष हालसम्म पाँच लाख दुई हजार क्विन्टल बढी उखु क्रसिङ गरेको उद्योगका प्रशासकीय अधिकृत शिवशंकर महतोले बताए । उनका अनुसार यस उद्योगले यसवर्ष २० लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य लिएको छ । उद्योगले क्रसिङ गरेकोमध्ये २५ दिनको उखुको भुक्तानी गरिसकेको र १५ दिनको बाँकी रहेको उद्योगका प्रशासकीय अधिकृत महतोको भनाइ छ। किसानले ल्याउने उखुमा चिनीको मात्र कम हुँदा उद्योग संकटमा परेको उनले बताए। रासस

